जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ४५, २०७५ साल फागुन २४ गते शुक्रबार, नेपाल संवत् ११३९ (March 8, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## विप्लव समूह प्रहरीको निशानामा

काठमाडौं । नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वका नेता तथा कार्यकर्ताहरु प्रहरीको निशानामा परेका छन् । शिवराज नगरपालिका-९ स्थित शिवगढीको तुरन्तपुरमा बिहीबार प्रहरीले छापा हानेर विप्लव नेता दुर्गाबहादुर रोकाको घरबाट पेस्तोलसहित अत्याधुनिक हतियार बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरी टोलीले एसएमजी सर्ट मेशिन गन २ थान र चाइनिज पेस्तोल एक थानसहित अत्याधुनिक हतियार बरामद गरेको बाँकी ८ पेजमा

## ढकाल जर्मनी प्रस्थान

काठमाडौं । यस साप्ताहिकका प्रकाशक तथा सम्पादक सुरेन्द्र ढकाल गत २२ गते बुधबार जर्मनी प्रस्थान गर्नुभएको छ । बोनस्थित जर्मन एकेडेमिक एक्सचेञ्ज सर्भिसको निमन्त्रणामा आयोजना हुने तेस्रो अन्तर्राष्ट्रिय प्राज्ञिक सम्मेलनमा नेपाल जर्मन प्राज्ञिक संघको प्रतिनिधित्व गर्दै ढकाल त्यता जानुभएको हो । ढकाल त्यस संघको निवर्तमान अध्यक्ष हुनुभएको र मार्च ७ देखि १० तारिखसम्म चल्ने उक्त सम्मेलनमा ढकालले आफ्ना सफलताका कथा र अनुभवहरु आदानप्रदान गर्नुहुनेछ । जर्मन विश्वविद्यालयबाट डिग्री र डक्टरेट गरेका विश्वका विभिन्न देशका प्राज्ञहरुले सम्मेलनमा भाग लिँदै छन् । ढकाल आगामी फागुन २९ गते स्वदेश फर्कनु हुनेछ ।

# भाजपा-कांग्रेस कसले मार्ला बाजी ?

काठमाडौं । भारतमा आगामी अप्रिल-मेमा आम निर्वाचन हुँदैछ । यो आमनिर्वाचनले आगामी पाँच वर्षका लागि सत्ताको नेतृत्वकर्ता चयन मात्र गर्ने छैन, प्रधानमन्त्री नरेन्द्र मोदीको शासन फेरि लम्बिने वा अन्त्य हुने टुंगो समेत लगाउनेछ । यो आमर्निचन हिन्दू कट्टरपन्थी दल भारतीय जनता पार्टी मोदीका लागि जनमत संग्रहभन्दा कम हुने छैन । सन् २०१४ को आमनिर्वाचनमा भाजपाले बाँडेका सपना 'मोदी आँधी' का रुपमा गुजरात विकास मोडल बोकेर आए र भारतीय सत्ताको बागडोर भाजपाको हातमा आएको थियो । दश वर्षसम्म भारतीय सत्ताको चाबी बोकेको भारतीय राष्ट्रिय कांग्रेस दयनीय प्रतिपक्षको भूमिकामा खुम्चिएको थियो ।

आगामी निर्वाचनका लागि सत्तारुढ भाजपा र भारतीय कांग्रेस दुवै चुनावी प्रचारमा जुटिसकेका छन् । यसपटक कांग्रेस सन् २०१४ मा मोदीले गरेका बाधा र भाजपाको चुनावी घोषणापत्रलाई पल्टाउँदै कटाक्ष गरिरहेको छ । कांग्रेस नेताहरुले भाजपाले गरेको वाचा पूरा नगरेको भन्दै घोचपेचलाई तीव्रता दिइरहेका छन् । भाजपा भने आफ्नो चुनावी प्रतिबद्धता पत्रबारे प्रायः मौनजस्तै बसेको देखिन्छ । महँगी, रोजगारीको सिर्जना र विकासलाई कांग्रेस भाजपा दुवैले चुनावी मुद्दा बनाइरहेका छन् । मोदी सरकारले आफ्नो यो कार्यकालको अन्तिम बजेटमा गरिबी घटाउनेदेखि निम्न मध्यम वर्ग, किसान र मजदुरका लागि केही नयाँ राहतको घोषणा गरेको छ । सबैभन्दा ठूलो घोषणा भनेको अब भारतमा पाँच लाखसम्म कमाइ गर्नेले आयकर तिर्नुपर्ने छैन । यसबाट सबभन्दा बढी निम्न वर्गले राहत पाउने छन् । यो बजेट लगत्तै प्रधानमन्त्री मोदीले भनेका छन्- 'यो बजेट सर्वव्यापी, सर्वस्पर्शी, सर्वसमावेशी र सर्वोत्कर्षमा समर्पित छ । मोदी सरकारको यो बजेट बजेट मात्र नभएर आगामी लोकसभा निर्वाचनमा भाजपाको ठूलो चुनावी तयारी समेत हो । गरिबीको नाममा राजनीति गर्ने चलन पुरानै हो । कांग्रेस अध्यक्ष राहुल गान्धीले गरिबी हटाउने एजेन्डा मोदीतिर हुत्याएपछि त्यसको जवाफ दिएको छ बजेटले । गरिब र निम्न वर्गलाई आफूतिर आकर्षित गर्ने लक्ष्य लिएको छ बजेटले ।



कांग्रेस अध्यक्ष राहुल गान्धीले आगामी निर्वाचनमा जित हासिल गरेर कांग्रेसको सरकार बनेपछि गरिबी हटाउने उद्घोष गरेका छन् । राहुल गान्धीकी हजुरआमा इन्दिरा गान्धीले सन् १९६६ मा गरिबी अन्त्य गर्ने नारा अघि सारेकी थिइन् । भारतको १६ औं लोकसभाका लागि आगामी अप्रिलदेखि मेसम्म निर्वाचन हुँदैछ । यसपटकको निर्वाचनमा सत्तारुढ भाजपा र मुख्य प्रतिपक्षी दल कांग्रेस दुवैले गरिबी हटाउने नारा दिइरहेका छन् । इन्दिरा गान्धीले आफ्नो १४ वर्षे कार्यकालमा न त गरिबी हटाउन सकिन न त उनका छोरा राजीव गान्धीले नै गरिबी हटाउन सके । इन्दिरा पहिलो पटक प्रधानमन्त्री भएदेखि करिब ४३ वर्ष कांग्रेसले भारतमा शासन गर्‍यो तर तथ्यले बताउँछ गरिबी भने पटक्कै घटेन, हटेन । अहिले कांग्रेस अध्यक्ष राहुल गान्धीले त्यही 'गरिबी हटायो' नारा अघि सारेका छन् । इन्दिरा गान्धीले सन् १९७१ को आमनिर्वाचनमा गरिबी हटाओ देश बचायोको नाराले जवाफ दिएका थिए । इन्दिराको नाराले काम गर्‍यो उनले चुनाव जितिन् र विपक्षीलाई किनारा लगाउँदै सत्तामा आइन् । तर भारतमा गरिब झन् गरिबीमा फस्दै गए ।

सन् १९७० मा भारतमा गरिब (प्रतिदिन १ दशमलव ९० डलरभन्दा कम कमाउनेको संख्या कुल जनसंख्याको ५६ दशमलव ५५ प्रतिशत थियो जो सन् १९८५ मा घटेर ५६ दशमलव १३ प्रतिशत मात्रै भयो । चीन र अन्य दक्षिण एसियाली देशका प्रतिव्यक्ति आयभन्दा भारत पछि पर्न गयो । बैंकको राष्ट्रियकरणको फाइदा गरिबलाई नभएर पहुँचवालालाई भयो । उनीहरुले बैंकबाट कर्जा लिएर पचाए । यतिबेला केन्द्र सरकार र रिजर्भ बैंक सरकारी बैंकले कर्जाको जुन हैरानी सामना गर्नु परेको छ, त्यो इन्दिरा, राजीव शासनकालकै प्रतिफल हो । जतिबेला इन्दिरा, राजीवले गरिबी हटाओको बिगुल फुकिरहेका थिए त्यसका बाबजुद ४५ दशमलव ३ प्रतिशत भारतीय जनता घोर गरिबीमा जीवनयापन गरिरहेका थिए र भारतमा गरिबीको संख्या संसारकै सबभन्दा बढी थियो । भारत र संसारभरि नै आर्थिक उदारीकरणको अभियानपछि गरिबी घट्ने क्रम भने सुरु भएको छ । गान्धी परिवारको पुरानै चुनावी एजेन्डा गरिबी अन्त्य यसपटक पनि मैदानमा आएको छ । अब यसको सफलता र असफलताको जिम्मा भारतीय जनताको काँधमा आएको छ । राहुल गान्धीले भनेजस्तो गरिबी घटाउन न्यूनतम आम्दानी सुनिश्चित गर्ने कुरा सम्भव छ या छैन भन्ने कुरा बहसमा छ । राहुलले भनेका छन्- यो योजनाको कार्यान्वयनपछि देशमा कोही पनि गरिब व्यक्तिले भोकै सुत्नु पर्दैन ।

विश्वमा गरिबी निवारणका लागि धेरै कदम चालिएका छन् । अनि विश्वमा भइरहेका राजनीतिक गतिविधिले गरिबी बढाएका धेरै उदाहरण पनि छन् । 'वर्ल्ड पोभर्टी क्लक' का अनुसार अफ्रिकी देशहरु मादगास्कर, जाम्बिया, डिआर कंगो, कंगो, दक्षिण सुडान, सुडान चाउ, नाइजेरिया, गुएना, दक्षिण अमेरिकी राष्ट्र भेनेजुएला लगायतका देशमा गरिबी बढ्दो अवस्थामा छ । दक्षिण एसिया र दक्षिणपूर्वी एसियाली देशहरुले गरिबी घटाउने कार्यमा प्रगति हासिल गरेका छन् । विश्वमा सहरी बाँकी ८ पेजमा

## कालापानी फेरि गायब

काठमाडौं । राष्ट्रिय अखण्डताका विषयमा केपी ओली नेतृत्वको कम्युनिस्ट सरकार बेपर्वाह देखिएको छ । कम्युनिस्टहरु अन्तर्राष्ट्रवादी हुन्छन् तर यसको अर्थ यो होइन कि आफ्नो मुलुकको भूभाग नै छोडेर निशाना छाप नक्सा छपाउँछन् र सरकार र मातहतका कार्यालयहरुका भित्तामा झुण्ड्याउँछन् ।

सुदूर पश्चिमको कालापानी क्षेत्र नेपालको अभिन्न अंग हो । राष्ट्रवादी भनिने तत्कालीन हुकुमी तानाशाह महेन्द्रले सन् १९६२ को चीन-भारत युद्धताका भारतीय सेनाको शिविर राख्न अनुमति दिएका थिए । दार्चुलामा अवस्थित कालापानी नदीमा समेत भारतकै हैकम चलेको छ । त्यहाँ नेपालीलाई माछा मार्नसमेत दिइँदैन । भारतीय सेनाले नेपाली भूमिमा शिविर स्थापना गरेर परेड खेलिरहेको छ तर सरकार भने मौनता साँधेर बसिरहेको छ ।

कालापानीको स्वामित्वबारे भारतीय पक्षसँग कुराकानी गर्नु त परै जाओस् जानी जानी निशाना छापमा कालापानी भूभाग समेटिएको छैन । सूचना तथा सञ्चार मन्त्रालयको प्रमाणीकरण नियन्त्रकको कार्यालयकै वेभसाइटको निशाना छापमा कालापानी भूभाग गायब छ । सरकारकै नक्सा, निशाना छाप, पाठ्यपुस्तक र प्रकाशन गृहले प्रयोग गरेका नक्सामा कालापानी क्षेत्र छैन । सरकार आफैंले कालापानीको हकदाबी छोडेपछि भारतले किन फिर्ता गर्थ्यो कालापानी । भारतले कालापानी मात्र होइन, नेपालको ८६ स्थानमा सीमा अतिक्रमण तीव्र पारेको छ । नवलपरासीको सुस्ता निल्न लागेको छ । दशगजा मिचेर बाँध र सडक बनाइरहेको छ । तर सरकारको मौनता भने उदेकलाग्दो छ ।

## खाद्यान्नमा बढ्दै परनिर्भरता


काठमाडौं । नेपाल कृषि प्रधान देश हो । दुई दशकअघि धान निर्यात गर्ने १५ देशहरुमध्ये नेपाल पनि पर्थ्यो । कुनै बेला नेपालले दक्षिण कोरियालाई खाद्यान्न सहयोग गरेको थियो । तर आज कोरियाले नेपाल कामदारहरु मगाएर उन्नत र आधुनिक अन्न खेती गरिरहेको छ । खाद्यान्नमा दक्षिण कोरिया आत्मनिर्भर मात्र छैन, खाद्यान्न बिक्री समेत गरिरहेको छ । नेपाल भने दिन प्रतिदिन खाद्यान्नमा परनिर्भर बन्दै गएको छ ।

कृषिको परनिर्भरता उच्च बिन्दुमा पुगेपछि यसप्रति सर्वत्र चिन्ता व्यक्त भइरहेका छन् । जल, जमिन र जनशक्ति पर्याप्त भए पनि कृषिको परनिर्भरता बढिरहेको छ । नेपाललाई प्रतिवर्ष ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । अहिले बाँकी ८ पेजमा

## लाइसेन्स बेच्ने खेलमा जीएमआर

काठमाडौं । माथिल्लो कर्णाली परियोजनामा भारतीय कम्पनी जीएमआर फेरि म्याद थप्ने खेलमा लागेकोमा राजनीतिक दलहरु तथा सरोकारवाला समूहहरुले आपत्ति प्रकट गर्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

बागबजारस्थित होटल हार्दिकमा हिजो नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपा (मसाल) का प्रवक्ता रामप्रकाश पुरी, राष्ट्रिय जनमोर्चाका भैरवराज रेग्मी, नेकपाका अध्यक्ष ऋषिराज कट्टेल, राष्ट्रिय जागरण परिषद् नेपालका संयोजक साध्यबहादुर भण्डारी, पूर्व जलस्रोत सचिव द्वारिकानाथ ढुंगेल, राजनीतिक विश्लेषक डा.सुरेन्द्र केसी, नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रमुख सन्तबहादुर पुन, जलस्रोतविज्ञ रत्नसंसार श्रेष्ठ, इन्जिनियरिङ कलेजका प्राध्यापक हरि पण्डित, जलस्रोतसम्बन्धी




अध्येता रतन भण्डारीलगायत वक्ताहरुले अन्तर्क्रियामा सहभागिता जनाएका थिए । उनीहरुले माथिल्लो कर्णाली परियोजनामा भएको राष्ट्रघातको भण्डाफोर गरेका छन् । भारतीय कम्पनी जीएमआर जस्तो टाट उल्टिएको कम्पनीलाई कर्णाली जस्तो सस्तो र आकर्षक आयोजना काम नगरी ओगटेर राख्न दिएकोमा उनीहरुले सरकारको आलोचना गर्दै कुनै हालतमा म्याद नथप्न आग्रह गरेका छन् । बाँकी ८ पेजमा

## भारत फोहोर सहरहरूको देश

काठमाडौं । विश्वका शीर्ष ३० अत्याधिक प्रदुषित शहरमा भारतको मात्र २२ वटा शहर परेको छ । ग्रिनपिस र एयरभिजुअलको नयाँ अध्ययनले विश्वमा सबैभन्दा बढी प्रदूषित शहरहरु भारतमा रहेको जनाएको हो ।

गत वर्षको अध्ययनका अनुसार भारतको गुरुराम शहर विश्वमै सबैभन्दा बढी प्रदुषित शहर हो । त्यस्तै प्रदूषित सहरहरुमा कानपुर, फरिदावाद, गया, वाराणसी, पटना, दिल्ली, लखनऊ, आग्रा, मुजाफरपुर, जयपुर, पटियाला, जोधपुर, कोलकाता, अहमदावाद, चन्द्रापुर, पुने, चेन्नई, हैदरावादलगायत छन् ।

२ महिना त्यहाँ गरिएको अध्ययनको सुरुवातको अध्ययनमा गुरुरामको हावाको स्वच्छता १३५.८ अंक थियो । अर्थात् यो अमेरिकी बाँकी ८ पेजमा

## मालेले सम्झियो सहिदलाई




काठमाडौं । नेकपा मालेले झापा विद्रोहकालीन सहिदहरुलाई एक कार्यक्रम गरी स्मरण गरेको छ । नेकपा माले पोलिटब्युरो सदस्य क.निलम केसीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घोषण क.महेन्द्र शाहले गर्नुभएको थियो । पोलिटब्युरो सदस्य तथा ३ नं. प्रदेश कमिटीका प्रमुख कृष्ण रानाद्वारा स्वागत भाषण गरिएको कार्यक्रममा दिनानाथ घिमिरेले सहिद दिवसको औचित्यबारे प्रस्ट्याउनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेकपा माले महासचिव सीपी मैनालीले झापा विद्रोहकालीन अवस्थादेखि बाँकी ८ पेजमा

## जनताको काममा ढिलासुस्ती

काठमाडौं । सरकारी कर्मचारीहरु कहिल्यै सेवाग्राही र पारदर्शी हुन सकेनन् । सर्वसाधारणले सानातिना काम गर्न पनि निकै झन्झट र समय खर्चिनुपर्ने भएको छ । देशको स्थायी सरकार भनेको प्रशासनिक संयन्त्र हो । जनताको काम छिटो र छरितो रुपमा गर्नुपर्ने प्रशासनिक संयन्त्रको दायित्व पनि हो । तर व्यवहारिक रुपमा त्यस्तो हुन सकेको पाइँदैन । कतिपय सरकारी कार्यालयहरुमा कुन कोठामा कुन काम हुन्छ ? भन्ने नै पत्ता लगाउन कठिन हुन्छ । कुनै कार्यालयमा त सूचना पाटीसमेत राखेको हुँदैन । सर्वसाधारणलाई आफूसँग सम्बन्धित काम कहाँ हुन्छ भन्ने पत्तो पाउनै मुश्किल पर्छ । नातावाद, कृपावाद र पैसावादले बाँकी ८ पेजमा

समय-सन्दर्भ

## झुकेन यो कहिले .....

डा. रमेश दाहाल

इतिहास तथा राष्ट्रिय यथार्थको गहन अध्ययन एवं मीमांसा नगरी भविष्यको मार्गचित्र बनाउन सकिदैन । कसैबाट कहिल्यै पराजित नभएको, दक्षिण एसियाको अखण्ड र अक्षत राष्ट्र, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमान जोगाउन हाम्रा वीर पुर्खाहरुले अहर्निश, अनुपम तथा अनवरत संघर्ष गरेको इतिहास हामीले कदापि बिर्सन हुँदैन । नेपालको पत्रिव माटोमा कहिल्यै पनि विदेशीहरुले झण्डा गाड्न पाएनन् । कहिल्यै पनि नेपालीहरुले विदेशी शासन भोग्नुपरेन । नेपालीलाई स्वतन्त्र राखेर पुर्खाले हामीलाई जुन गौरवको अनुभूति गराएका छन्, यसलाई कायम राख्दै नेपालको एकता, अखण्डता, स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गर्ने दायित्व आज हाम्रो काँधमा आएको छ ।



अमरसिंह थापा, वीर बलभद्र कुँवर, भक्ति थापालगायतका धेरै योद्धाहरुले राष्ट्रको स्वतन्त्रता जोगाउन ज्यानको बाजी लगाएर विदेशी शक्तिसँग लडेको इतिहास पढ्दा आज पनि हाम्रो छाति गर्वले ढक्क फुल्ने गर्छ । वास्तवमा त्यो कालखण्ड नेपाली सैनिक इतिहासको अग्निपरीक्षा थियो । नेपालको सिमाना पूर्वमा टिस्टादेखि पश्चिमको सतलजसम्म पुर्‍याउने हाम्रा पुर्खाहरुमा अदम्य साहस र समर्पण मात्र थिएन, राष्ट्रप्रतिको दायित्वबोध, अगाध देशभक्ति तथा स्वाभिमान थियो । शत्रुले अनेकौं प्रलोभन देखाउँदा पनि उनीहरु चुकेनन् । त्यसैले युद्धमैदानमा वीरगति पाएका नेपालका वीर महारथि र सैनिकहरुको तारिफ गर्न शत्रु पनि बाध्य भए ।

राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डतामाथि हमला गर्ने शैलीमा आज परिवर्तन आएको छ । प्रत्यक्ष युद्धका ठाउँमा अप्रत्यक्ष युद्ध, मनोवैज्ञानिक युद्ध तथा प्रचारयुद्ध हुन थालेका छन् । सोभियतसंघलाई विभाजित गराउन कसैले पनि हमला गरेको देखिएन । तर कतिपय यस्ता मनोवैज्ञानिक र वैचारिक शस्त्रास्त्र प्रयोग गरियो, जसलाई रोक्न नसक्दा देश खण्डित भयो । पूर्व युगोस्लाभियालाई जातीय तनावले खण्डित तुल्यायो । कैयन् अफ्रिकी राष्ट्रहरु आज पनि जातीय विखण्डनको पीडा भोगिरहेका छन् । कतिपय देशमा त गैरसरकारी संस्थाहरुमार्फत समेत अप्रत्यक्ष युद्ध चकाईएको छ । लेवनानमा दशकौंदेखि गृहयुद्ध चर्किनुमा गैरसरकारी संस्थाहरुको हात रहेको स्वतन्त्र लेखक तथा विश्लेषकहरुले बताएका छन् । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

# मौसम शरणं गच्छामी !!

**सुरेन्द्र ढकाल**



हेलिकोप्टर दुर्घटनामा परी मृत्युवरण गरेपछि मात्रै प्रधानमन्त्री ओलीले वाइडबडी काण्डमा रविन्द्र अधिकारी निर्दोष छन् भनेछन् । यसबाट के बुझिन्छ भने काण्डचाहिँ भएको हो रहेछ र रविन्द्र चाहिँ अभियुक्त होइन रहेछन् भनेर आलाकाँचा जनता र मरेपछि रविन्द्रलाई होनहार नेता देख्ने उनका राजनीतिक र गैरराजनीतिक शुभेच्छुक र कार्यकर्ताहरुले चित्त बुझाउने भए । दुईतिहाइको बहुमतको प्रधानमन्त्री भएको कारण ओलीले त वाइडबडी त काण्डै होइन भन्नुपर्थ्यो । जो जो मऱ्यो ती ती निर्दोष छन् वा थिए भन्नुको अर्थ अब त्यो काण्डलाई मर्नेको थाप्लोमा हालेर काण्डको फाइल बन्द गर्न खोज्नु होइन भन्ने आधार के ?

हिजो धमिजाकाण्ड बारेमा अख्तियारले गिरिजाको वचाउ गर्दै त्यस्तै निर्णय गरेको थियो । के फैसला भएको थियो भने कुनै पनि उजुरी त्यतिखेर मात्रै उजुरी हुन्छ जब फैसलाको कारण उजुरी गर्ने व्यक्तिलाई अन्याय परेको देखिन्छ । तर धमिजा काण्डमा उजुरी गर्ने व्यक्तिलाई फैसलाले कुनै अन्यायमा नपारेको हुँदा प्रधानमन्त्री गिरिजालाई प्रधानमन्त्री हैसियतमा त्यस्ता कार्य नगर्न सचेत गराउँदै सफाइ दिइएको छ भनिएको थियो । त्यही नजीरलाई निरन्तरता दिँदै अब रविन्द्र मरिसकेको कारण वाइडबडीको फाइललाई बन्द गरी ओलीलाई सफाइ दिँदा हुन्छ ।

भन्सार छली ३३ किलो सुन ल्याउन पाइने, कारबाहीमा पर्न नपर्ने, अनि भन्सार नछली देखाइ ल्याएको सुन चाहिँ जफत हुने गणतन्त्रमा नेताहरु भनेको कानुनभन्दा माथि हुन्छन् उनीहरुलाई कानुन लाग्दैन भनेर दुईतिहाइले संविधान संसोधन गर्दा कस्तो होला ? नरहे बाँस नबजे बाँसुरी । अनि जति भ्रष्टाचार गरे पनि भयो, अनि जति जनताका छोरीहरुलाइ बलात्कार गरेर हत्या गर्दै खेतमा लगेर फाले पनि भयो होइन त ?

सस्तो वेशाहले पखाला लाग्छ भन्ने चलन छ । भनाइको मतलव हामीले सस्तो पायौं भन्दैमा जे पनि खायौं भने पेट बिग्रन सक्छ । फेरि पैसै नतिरी हेलिकप्टर चढ्न पाएको कारण कतै दुर्घटना त भएको होइन ? मन्त्रीले भनेको पाइलटले मान्छ भन्दैमा मौसमले त नमान्ने रहेछ भनेर नेपालका भुलक्कड नेताहरुले बुझ्दा राम्रो होला । अर्को कुरा नेपालको प्रजातन्त्रले सुत्केरीको औषधि फिरीमा पाइन्छ भन्दै खाने पुरुष सांसदहरु पनि देखेको छ । यही फिरीमा लिने बानी परेको कारणले नै होला हिजोको चप्पले ओलीको अहिले बालकोटामा आलिसान महल छ । भ्रष्टाचार म सहन्न भन्ने ओलीलाई बालकोटको महल कसरी ठडियो भनेर कसैले सोध्यो भने आडछिरिङ जस्ता व्यापारिक मित्रहरुले बनाइदिएको भन्लान् । अनि त्यसरी लिन हुन्छ त भनेर झनै अगाडि बढेर कसैले सोध्यो भने राज्यले बनाइदिएको महलमा भूतपूर्व भएपछि कृष्णप्रसाद भट्टराई बस्न हुने अनि व्यापारीले बनाइदिएको महलमा खड्ग ओली चाहिँ किन बस्न नहुने भन्दा हुन् उनी ।

जे एस मिल भन्ने एक राजनीतिशास्त्रका विद्वानले राजतन्त्रात्मक निरंकुशताभन्दा प्रजातान्त्रिक निरकुशता झनै डरलाग्दो हुन्छ भनेर गरेको घोषणा नेपालमा धमाधम लागू भइरहेको छ । कमाउने, खाने, खुवाउने, सुविधा सहुलियत लिने कुरामा मात्रै होइन हिंसा, हत्या गर्ने कुरामा समेत हिजोको राजा र राजपरिवारलाई उछिनेर गणतन्त्रात्मक नेताहरुले आफूलाई धेरै अगाडि बढाइरहेको र यिनीहरुलाई लगाम लगाउने कोही नभएकै कारण अब दण्ड दिने काम मौसमलाई दिनुपर्छ जस्तो लाग्छ । सबै कुराले प्रमाणित के चाहिँ गऱ्यो भने अब न्याय नेपालमा मौसमले गर्नेछ । मौसम शरणं गच्छामी ।

## सम्पादकीय

# खोई प्रदूषण नियन्त्रणको अभियान ?


काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले कामको सुरूवात काठमाडौंको धूलो, धूँवा नियन्त्रणबाट गर्ने भन्दै उपमेयर र कर्मचारीहरूसमेतलाई लिएर सडक बढार्न निस्किएका थिए । एक दिन मिडियामा फोटो छापिएपछि अर्को पल्टको अभियानबारे चर्चा बाहिर आएको छैन । नगर सफा गर्न माथिल्लो तहबाट नै कुचो समातेर अभियान थाल्नु राम्रो कुरा हो । तर अभियान निरन्तर रूपमा चलिरहनुपर्छ । पूर्व मुख्यसचिव लीलामणि पौडेलले वाग्मती सफाइ अभियानको नेतृत्व लिएर प्रत्येक हप्ता शनिबार सयौं अभियन्तासहित नदी सफा गर्न सहभागी हुन्थे । उनको अभियान र लगावप्रति सबैको साथ सहयोग रह्यो भने मुख्यसचिवबाट रिटायर भएपछि पनि त्यो कर्मलाई निरन्तरता दिए । चीनका लागि राजदूत भएर बेइजिङ्ङ पुगेपछि पनि छोटो बिदामा फर्किंदा राजदूत पौडेल वाग्मती सफाइमा पुग्न भ्याए । काठमाडौंका मेयरले साँच्चीकै महानगरलाई सफा राख्न खोजेका हुन् भने प्रत्येक हप्ता बिदाको दिन कुचो बोकेर सडकमा निस्कनुपर्छ । अनि विभिन्न संघसंस्था र स्वतन्त्र समाजसेवीहरूलाई सडकमा कुचो बोकेर निस्कन आह्वान गर्नुपर्छ । यसरी अभियानलाई निरन्तरता दिएको खण्डमा महानगर सफाइ अभियानले पनि वाग्मती सफाइ अभियानले झैं निरन्तरता पाउनेछ । होइन भने एक दिन कुचो बोकेर सांकेतिक अभियान गर्नुको खासै औचित्य देखिँदैन ।

कचौरा आकारको काठमाडौं उपत्यकाका विभिन्न खाले प्रदूषणले गर्दा दिनदिनै अस्वास्थ्यकर बन्दै गइरहेको छ । मुख्य रूपमा काठमाडौंको समस्या धूलो, धूवाँ नै हो । सवारी साधनले फाल्ने धूवाँ र कलकारखाना, इँटाभट्टाहरूले फाल्ने धूवाँले पनि प्रदूषण बढाएको छ । भूकम्पले भत्किएका घरको धूलो, बाटो विस्तारका क्रममा निस्कने धूलो, जथाभावी बाटो खन्दा भएका खाल्डाखुल्डी र धूलोले गर्दा जनस्वास्थ्यमा नराम्रो असर पुगिरहेको छ । वर्षायाम सुरू भएपछि धूलोमा केही कमी आए पनि हिलोको समस्याले जनतालाई नराम्रोसँग सताउने गर्छ । महानगर, उपमहानगरदेखि थुप्रै नगरपालिका भएको काठमाडौं उपत्यकाका नगरपिताहरूका काँधमा गहन जिम्मेवारी आएको छ । विश्वकै पर्यटक, राजनीतिक र कूटनीतिक तहका पाहुनाको पहिलो पाइला पर्ने काठमाडौं उपत्यका स्वच्छ, सफा बनाउने अभियानको नेतृत्व नगरपिताहरूले प्रतिबद्धतापूर्वक लिने हो भने जनताले अवश्य साथ दिनेछन् ।

प्रदूषण नियन्त्रण र सरसफाइ अभियानको लागि पैसाको अभाव पक्कै पनि छैन । सरकारले प्रदूषण नियन्त्रणका नाममा बीस वर्ष अगाडिदेखि नै पेट्रोलियममा पैसा उठाउँदै आएको छ । प्रतिलिटर ५० पैसाका दरले उठाएको यस्तो रकम अहिले ५ अर्बभन्दा बढी भइसकेको छ । यत्रो ठूलो परिमाणको रकम जम्मा भइसक्दा पनि त्यो रकम प्रदूषण नियन्त्रण कार्यमा खर्च गरिएको छैन । देशभर चल्ने सवारी साधनले बुझाउने यस्तो रकम अर्थमन्त्रालयको कोषमा जम्मा हुने गरेको छ । उक्त रकमबाट प्रदूषण नियन्त्रणका लागि काम गर्ने दिशामा अर्थमन्त्रालय र वातावरण मन्त्रालयबीच गम्भीर छलफल गरी टुंगोमा पुग्न आवश्यक छ । सबैभन्दा बढी सवारी साधन चल्ने काठमाडौं उपत्यकाको प्रदूषण नियन्त्रण गर्न त्यसै अनुरूपको रकम र अन्य महानगर, उपमहानगर र नगरपालिकाहरूलाई पनि सवारी चाप र आवश्यकता अनुसार प्रदूषण कर वापतको रकम वितरण गर्नुपर्छ । जनतासँग जुन प्रयोजनको पैसा उठाइन्छ, त्यसैमा खर्च गर्ने व्यवस्था गर्न आवश्यक छ ।

काठमाडौं उपत्यकामा सवारी साधनले हर्न बजाउन नपाउने नियम ट्राफिक प्रहरीले लगाए पनि त्यसले पूर्णता पाएन । सवारी साधनले अनावश्यक रूपमा बजाउने हर्नले भएको ध्वनि प्रदूषणमा निकै कमी भने आएको छ । अब धूलो धूवाँ नियन्त्रण गरी वायु प्रदूषण कम गर्ने दिशामा जिम्मेवारीपूर्ण ढंगले काम गर्न आवश्यक छ । स्थानीय तहहरूलाई संवैधानिक र कानुनी रूपले अधिकार सम्पन्न बनाएकाले जनप्रतिनिधिहरूमार्फत सरसफाइ अभियानलाई प्राथमिकताका साथ अगाडि बढाइनुपर्छ । प्रदूषण नियन्त्रणको राम्रो योजना बनाएर सरकारसमक्ष पेस गरेको खण्डमा रकम निकासा गर्न सरकार बाध्य हुनेछ । जनप्रतिनिधिको अभावमा काम हुन नसकेको भन्दै पन्साउने र पन्सिने अवस्थाको अन्त्य भएकाले प्रदूषण नियन्त्रणतर्फ नतिजामूलक काम गर्न आवश्यक छ ।

# स्वदेश ठूलो कि अरू ठूलो ?- (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

अंग्रेजहरुको आफ्नै देश थियो र १९४७ मा भारत छोडी गएपछि ती प्रशासकहरु आफ्नै ग्रेट ब्रिटेन र आयरल्यान्डमै गएर बसे । हाम्रै नेपालीहरु पनि देश देशावरमा काम खोज्न गए पनि आफ्नै हिमवतखण्ड नेपालमै फर्केर आउने हुन् । यही मूल मन्त्र विश्व गोर्खाले पनि लिएकै छ र ११० वर्षभन्दा अघिदेखि अंग्रेजी शासकहरुसँग र त्यसपछिका थरीथरीका शासकसँग दार्जेलिङ आदिमा टिस्टा काँगडाबासीले आजसम्म गोर्खाल्यान्ड मागेकै छन् र त्यही कुरामा उनीहरुले गोरक्षा भन्नुपर्छ ।

किनभने यो हिमवतखण्ड नेपालले आफ्नै ज्ञानको सदुपयोग मात्र गऱ्यो भने निकै भाग्यमानी भई संसारलाई ज्ञानगंगाले नुहाइदिन पनि सक्छन् । पुरुषनारी क्षमताअनुसार छुट्टाछुट्टै २५ वर्ष ब्रह्मचर्याश्रम त्यसपछि २५ वर्ष गृहस्थाश्रम त्यसपछिको २५ वर्ष शान्त वानप्रस्थाश्रम र अन्तिम २५ वर्ष संन्यासाश्रम गरी १०० वर्षको आयु पुऱ्याइएको छ । ब्रह्मचर्याश्रमपछि फुर्सदको मौकामा नै थरी थरीका ग्रन्थ रचना गरी ग्रहगणित ज्योतिष जस्ता वैज्ञानिक आयुर्वेद जस्ता स्वास्थ्यप्रद र दर्शन ज्ञानगुण समेत कुरालाई सैद्धान्तिक र वर्णनात्मक ग्रन्थहरु रचना गरी तत्कालीन शासक राजाहरुसँग समेत समन्वय गर्न सकेकै छन् । जातिवाचक ब्राह्मण क्षत्रीय आदि ४ वर्ण विषयमा शास्त्रहरुमै विवाद छ । त्यसैले कुरा नगरौं यस्तै अरु पनि उद्देश्यले स्वदेश ठूलो कि अरु ठूलो ? भनी २०७५ माघ २५ गतेको शुक्रबार यही हरफकर्ताले पाठकहरुसामु नेपाली नागरिकता र असंलग्नता प्रस्तुत गरेकै छ ।

हाम्रै शासकहरुले राम्रो होस नपुऱ्याई काम गर्ने र छिमेकी देशहरु समेत भएर हामी हिमवतखण्डबासी नेपालीलाई युगयुगदेखि दुःख पर्दै आएको छ, अझै टेरेको छैन । त्यसमा हामीले आफैंलाई उच्च मूल्यांकन गरौं भनेको होइन, हामीलाई अवमूल्यन नगरिदिउँ भनेका हौं । हाम्रो असंलग्न परराष्ट्र नीतिले र अत्यावश्यक नागरिकता नीतिकै अवलम्बन गरेपछि पनि धेरै लाभ हुने नै छ ।

यत्ति मात्र होइन, यो हिमवतखण्ड नेपालको पुराना स्वरुपलाई भागै नलगाउनुपर्ने कुरालाई छोराछोरीमा भाग लगाएर आफ्नै पुराना शासकहरु पनि दुःख दिनेमा केही जिम्मेवार छन् । अहिले पनि विराटनगर विजयपुर आदिका अवशेष पाल्पाका शासककै लापर्बाहीका परिणाम हुन् । यसैको सुधार गर्न संयुक्त अधिराज्य अमेरिकाकै हाराहारीमा श्री ५ पृथ्वीनारायण र उनका कान्छा छोरा बहादुर शाहको एकीकरण प्रयास स्तुत्य नै छ ।

अहिले दलहरुले आफ्नै दल ठूलो आफ्नै बोली मात्र ठूलो भनेर वकिलहरु समेत दलगत गराइ न्यायमै हात बिटुल्याएर प्रजातान्त्रिक स्तुत्य न्याय हुन नदिँदा कतै बाइसी चौबिसे जन्माउने त यी स्वदेश ठूलो हैन मै ठूलो भन्ने नेताहरु नै फेरि बाइसी बनाउन आएका हुन् कि ? भनी सोध्नै मन लाग्छ । यी सबैले स्वदेश ठूलो भन्नैपर्छ । आफैं ठूला होइन्न । राणा शासन हटेको धाक त धेरै नै लगाउँछन् । उनैले पनि स्वदेश ठूलो देखाएका केही कामहरु हेरौं । अहिलेका दलहरुका कामभन्दा यी काम उनका माथि नै छन् ।

**(१) श्री ३ जंगबहादुर-** यिनले भाइभाइमा सत्ताको रोल क्रम लगाउनु त दोष नै थियो । त्यसैमा यी र यिनका छोरा जगतजंग मात्र परेनन् वि.सं. २००९ सम्ममा समस्त राणाहरुले नै दुःख पाए तर

(क) यिनको महान गुण अंग्रेजसँग इ.१८१६ मा गुमेको मध्ये बाँके, बर्दिया, कैलाली र कञ्चनपुर आफ्नै काँचै सम्झौता भित्रैमा फिर्ता लिए सफल भए ।

(ख) त्यो सन्धिमा राष्ट्र प्रमुखले पक्का गरिदिनपर्नेमा यिनले मानेकै देखिएन । त्यो पक्का गराउन अंग्रेजले १९२३ डिसेम्बर २० मा श्री ३ चन्द्रशमशेरको सही गराई अर्को सन्धि नेपालसँगै गर्न बाध्य पारी बेलायतमा राजदुतावास र अमेरिकासँग सम्बन्ध राख्न समेत चन्द्रशमशेरले बाटो खुलाए । यसैले जंगबहादुर र चन्द्रशमशेरले आफ्नो कुल राणाभन्दा स्वदेश ठूलो मानेकै हो ।

**(२) श्री ३ मोहनशमशेर-** त्यही बेलायतसँग अर्को सन्धि गर्ने १९५० इ.सं.कात्तिक १४ नै लेखाउने श्री ३ मोहनशमशेरले पनि आफू राणा खलक भन्दा स्वदेश नै ठूलो मानेकै छन् । त्यो बेलामा अहिलेका नेताभन्दा सबै राणा बढी सचेत थिए भन्ने त तराईमा शिकार खेल्न आउने गोरेहरुलाई आफ्ना देशका हिमालय र कुना कन्दरा घुम्न दिइँदैन थियो ।

(क) यिनै मोहनशमशेरले भारतसँगको आफ्ना श्री ३ का पालाको र बेलायतसँगको सम्झौता कायमै राखे । बरु आफ्ना श्री ३ पदवी नै छोडी २००७ वि.सं.को प्रधानमन्त्रित्व स्वीकार गरे ।

(ख) त्यही बेलायतसँगको सन्धिमा २१ डिसेम्बर १९२३ को कुरा लेखाई पुराना सन्धि खारेज गराएकै छन् । ती दुवै सन्धिहरुले पारस्पर सम्बन्धित भएरै बोल्छन् (हेर्नुहोस् : बुद्धिनारायण श्रेष्ठ 'नेपालको सिमाना पृष्ठ १४२ आदि र सोही पृष्ठ १३४-१३७ प्रथम संस्करण)

**(३) श्री ५ वीरेन्द्र र पूर्वराजा ज्ञानेन्द्र** : यी दुवैले नेपाली नागरिकता दिँदा बाध्यताबस ज्यादै थोरै मात्र विदेशीलाई दिए भनी नागरिकतामै कडाइ गरियो भनेर यी दुवैमाथि विदेशी खनिएका हुन् । धर्ममै स्वदेशको पक्षपाति भयो भनेर दलहरुले पनि यिनलाई दोष दिएका र यी दुवैले दुःख पाएका हुन् । यिनको पछि लाखौं विदेशीलाई नागरिकता दलहरुकै सरकारले खुला गरेको त सबैलाई थाहै छ । आफैं पाठकहरुले विचार गरौं कसले स्वदेश ठूलो मान्यो कसले मानेन ?

सत्तासीन नेपाल कम्युनिस्ट पार्टीका दुवै अध्यक्ष र विपक्षी नेपाली कांग्रेस समेतले बराबर सरकार चलाएकै छन् । यसमा बाबुराम भट्टराई पनि अछुत छैनन् । अध्यक्ष पुष्पकमलले नेपालको असंलग्न परराष्ट्र नीतिमा विचलन ल्याउने वक्तव्य दिनु र अर्का अध्यक्ष प्रधानमन्त्री केपी ओलीले नेपाली सांसदहरुकै अपमान गरी स्वास्थ्यसम्बन्धी विधेयक पारित गराउनु इसाईसम्बन्धी सम्मेलन नेपाल काठमाडौंमा आफ्नै उपस्थितिमा गराएर पनि नेपालीमाथि अपमान गर्नु दोष नै हो ।

अहिले पनि नेपाल मातालाई २०७३-८-११ मा अन्नपूर्ण शनिबासरीयमा आफ्नै तस्बिर छापेरै लेख्ने खगेन्द्रजंग गुरुङ जस्ता अरु नेपाली हितैषी मान्छे छन् छैनन् ? सत्ता पक्ष कम्युनिस्ट र विपक्षी नेपाली कांग्रेस एक भएर खोज्नैपर्छ । त्यो बखत ३६ देशले नेपालकै हिमालयमा १४ हजार खम्पा आर्थिक सहयोगमा पाले भनेर चैनले निदाउने बेला छैन । अहिले पनि आईएनजीओहरु त्यो भूमिकामा छँदैछन् ।

त्यसैले उत्तर, दक्षिण, पूर्व आदि सबै सीमा नियमन गर्न एक ढिक्का हुन्लाई सर्वप्रथम भारतसँग पनि सीमा नियमन सक्दो छिटो संयुक्त भई गरौं अनि नेपाल माताको नागरिकता दलहरुले लिएको सार्थक हुनेछ हैन र ? जाति र व्यक्ति लाभको स्वार्थी मात्र काम गरेर सार्थक नागरिक नेपाल माताले मान्ने छैनन् ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–३२

मार्क्स र लेनिनकाप्रायः लेख, साहित्यहरूमा सर्वहारावर्गको अधिनायकत्वमा जोड दिइएकाले माओको अवधारणा बन्यो–'सर्वहारावर्गको अधिनायकत्व इन्कार्नेहरू प्रतिक्रियावादी हुन् ।' उनलाई अरू कुरा सोच्नै आएन ।त्यसैलेमाओले प्रतिपादन गरेको सांस्कृतिक क्रान्तिको सिद्धान्त वास्तवमा सर्वहारावर्गको अधिनायकत्वको विकसित रूप हो ।त्यही सिद्धान्तले समाजवादी चीनलाई विकास र सुदृढीकरणमात्र गरेन, अन्तको दिन छिटो ल्यायो ।साँच्चिनै माओको निधनलगत्तै चीनमा समाजवादी धार सकियो । त्यसो भए के गरेको भए चिनियाँ समाजवाद विकासित र सुदृढ हुने थियो ?

समाजवादी समाजको निर्माणक्रममै चिनियाँकम्युनिस्ट पार्टीले मुख्य अन्तरविरोधबारे सही निर्णयमा पुग्नुपर्थ्यो । चीनको सर्वोच्च सत्ता प्राप्त गरेका चिनियाँ जनताका मुख्य शत्रु त्यहाँका मुठीभर सामन्त, जमिनदार र पुँजीपति वर्गका प्रतिनिधिहरू थिएनन् । सत्ताहीन अवस्थामा कमजोर भएको त्यो शक्ति कथङ्कदाचित उठेमा त्यसलाई २८ वर्षको भीषण युद्धमा खारिँदै आएका जनताले नै तह लगाउन सक्थे, मुलुकको सर्वोच्च शक्ति खनिनु आवश्यक थिएन ।अन्ततः आफ्नै कमरेडहरूशत्रुको रूपमा खडा भए ।

वास्तवमा तत्कालीनचिनियाँ समाजमा एकातिर सबभन्दा शोषित र पीडित नारीवर्ग थिए र अर्कोतिर उनीहरूलाई चुस्ने वा दमन गर्ने त्यहाँको पुरूषप्रधान सत्ता थियो । ६० करोड जनतामा ३० करोड नारीहरू पर्थे । नारी वर्ग र पितृप्रधान सत्ताबीचको अन्तरविरोध नै विद्यमान समाजवादी चीनको मूल अन्तरविरोध थियो ।

त्यसो भए ३० करोड पुरूषहरू नारीका शत्रु थिए ? भन्ने सवाल पनि उठ्न सक्छ । पितृप्रधान सत्तासँग नारीवर्गको मूल अन्तरविरोध भन्नासाथ हरेक पुरूष नारीका शत्रु हुने होइन । मूल कुरा हो पुरूषप्रधान सत्ताका कारण नारीहरू सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक रूपले पिल्सनुपरेको यथार्थता स्विकार्ने कि नस्विकार्ने ? यदि स्विकार्ने हो भने नारीवर्गको मुक्तिका लागि कदम चाल्न हिम्मत गर्ने कि नगर्ने ? अवश्य नै यस्तो हिम्मत गर्दा पुरूष वर्गले आफ्ना निहित छुद्र स्वार्थहरू त्याग्नुपर्ने हुन्छ । वास्तवमा नारीवर्गको मुक्ति भनेको पुरूष वर्गको पनि मुक्ति हो । किनकि नारीवर्ग भन्नु नै मातृवर्ग हो । कुनै आमाले प्राप्त गरेको कुनै कुरा तिनी आफ्नैसन्तानलाई बाँड्छिन् । यो मातृहृदयको उत्तम परिचय हो ।यसरी चीनमा समाजवादी समाज निर्माणका बेला चिनियाँ जनताको मूल अन्तरविरोध त्यहाँको पुरूषप्रधान सत्ता थियो,तथाकथित नयाँ च्याङ काइसेक र उनका समर्थक होइन ।

यदि माथिका सवालमा कम्युनिस्टपार्टीले सहीविश्लेषण गरेको भए चीनको चौतर्फी परिस्थिति फेरिने थियो ।राजनीतिकहिसाबलेराज्य संयन्त्रमा पचास प्रतिशत नारीहरू रहने थिए । स्वभावतः यो प्रतिशत बढ्दै गएर समाज मातृप्रधान हुने थियो । हो, यसका निम्ति हजारौं वर्षअगिदेखि पितृसत्ताको जरो गडेको चिनियाँ समाजमा सांस्कृतिक क्रान्ति अत्यावश्यक थियो तर सच्चाइतिर परिलक्षित हुने भएकाले रचनात्मक र सिर्जनात्मकताले स्थान पाउने थियो। यसमा तोडफोड, हिंसा र आतङ्क हुने थिएन, जनतामा भय र त्रास छाउने थिएन । त्यस अभियानमा ९५ प्रतिशतभन्दा धेरै पुरूषहरूले भाग लिने थिए । किनकि त्यस्तो महान् क्रान्तिमा पुरूष वर्गको पनि मुक्ति जोडिएको हुन्छ ।

*(क्रमशः)*

# मैले देखेको छ्यालिऔं विश्व सम्पदा:

# स्टुटगार्टको दरबार स्क्वायर (Schlossplatz) र सेपुलक्रल चिहान

सुरेन्द्र ढकाल

सप्ताहन्त शनिबार र आइतबार बोपार्डको ऐतिहासिक सहर, लोरेलेई, अनि कोब्लेन्च्जको किल्ला अवलोकन गरी आइतबार बेलुकी गेरहार्डको घर पुग्दा बेलुकीको ७ बजिसकेको थियो । साधारण चिज पाउरोटी र भेजेटेवल सुप खाएर हामी आआफ्नो कोठामा लाग्यौं किनकी सोमबार बिहान ९:३० को कक्षा भेट्टाउन हामी दुवै स्पायर पुग्नु नै थियो । नभन्दै बिहान ५ बजे तात्तातो कफि पिएपश्चात गेरहार्डले आफ्नो कार स्टार्ट गरिसकेको थियो अनि ठ्याक्कै ९ बजे हामी स्पायर आइपुग्यौं । होष्टलको आफ्नो कोठामा पुगेर फाइल च्यापी कक्षामा उपस्थित हुँदा ताजा अनुभव भएको थियो । अध्ययनले फेरि आफ्नो गति लिएकै थियो । महिना बितेको पत्तै भएन । सेप्टेम्बरको दोस्रो हप्तामा हामीलाई स्कूलबाटै जर्मन संघीय प्रदेश वाडेन भुर्ट्टेमवर्गको राजधानी स्टुटगार्ट लैजाने कार्यक्रम तय भएको रहेछ । सेप्टम्बर महिनाको दोस्रो शनिबार परेको थियो । हामी बिहान ७ बजे स्कुलमा जम्मा भइसकेका थियो । दूरी जम्मा १३० किलोमिटरको थियो । बिहान ९ बज्दा नै हामी स्टुटगार्टको दरबार स्क्वायरमा पुगिसकेका थियौं । उही दिन गएर उही दिनमा नै फर्कने कार्यक्रममा हामीलाई दरबार स्क्वायरको अतिरिक्त पहाड चढ्ने रेलबाट नजिकैको डाँडामा लगी पुरै स्टुटगार्टको दृश्य देखाउने कार्यक्रम पनि थियो । त्यसैले लन्च अगाडि दरबार स्क्वायर अवलोकन गर्ने, त्यसपछि लिकमा हिँड्ने पहाडी बस चढेर डाँडाको टुप्पामा रहेको सेपुलक्रल चिहान (sepulchral chapel) पुग्ने योजनासहित पहिले हामी दरबार स्क्वायर अवलोकन गर्नेतर्फ लाग्यौं ।


चिहान रहेको भवनको भित्री भाग



सेपुलक्रल डाँडासम्म पुग्ने लिकसहितको बस


दरबार स्क्वायर क्षेत्र परबाट यस्तो देखिन्छ


दरबार स्क्वायरमा पर्यटकहरू


सेपुलक्रल स्मारक अगाडिबाट यस्तो देखिन्छ


स्मारक रहेको डाँडामा लगाइएको अंगुर खेती


### स्टुटगार्टको दरबार स्क्वायर

यो स्क्वायर नयाँ दरबार (New Castle) जाने क्षेत्रमा रहेको सबैभन्दा ठूलो स्क्वायर रहेछ । यस स्क्वायरको निर्माण सन १७४६ मा शुरु भई सन १८०७ मा सम्पन्न भएको रहेछ । सन १८०० को मध्यसम्म यो स्क्वायरमा सैनिकको परेडमात्र हुने गरेको कारण सर्वसाधारणको लागि यो क्षेत्र निषेधित रहेछ । कार्ल स्क्वायर र सिलर स्क्वायर नजिकै रहेको यो स्क्वायरलाई राजा मार्ग (Koenig Strasse) ले उत्तरदेखि दक्षिणसम्म छुट्याएको रहेछ । सन १९१८ पछि मात्रै यो स्क्वाएर क्षेत्र र यहाँ रहेको दरबार सार्वजनिक सम्पत्ति अन्तर्गत पर्न आएको रहेछ । दोस्रो विश्वयुद्धमा बम आक्रमणबाट ध्वस्त भएको यो दरबारको पुन:निर्माण सन १९५८ मा शुरु भई १९६४ मा सम्पन्न भएको रहेछ । भित्री भागलाई अति आधुनिक ढंगबाट बनाइएको कारण त्यहाँ प्रदेश सरकार वाडेन भुर्ट्टेवर्गको संस्कृति मन्त्रालय र राजस्व मन्त्रालयको कार्यालय बसेको रहेछ । स्क्वायरबीच भएर गएको राजा मार्गमा ट्रकहरु गुडी वातावरण प्रदूषण गरेको कारण सन १९६० मा सार्वजनिक यातायातको लागि भनेर भूमिगत सडक बनाएपश्चात राजामार्गलाई पर्यटक र पैदल यात्रुहरुको लागि मात्रै भनेर खुला गरिएको रहेछ । यो स्क्वायर र त्यहाँ भएको दरबार पछिल्लो पटक सन १९७७ मा जिर्णोद्धर गरिएको रहेछ त्यसको मुख्य कारण त्यहाँ त्यतिखेर संघीय पुष्प तथा बगैंचा प्रदर्शनीको आयोजना गरिएको रहेछ ।

यस स्क्वायरमा खुला संगीत कार्यक्रम, बालबालिकाका विभिन्न सडक नाटक तथा सांस्कृतिक कार्यक्रम, क्रिसमस बजार नियमित रुपमा लाग्ने गर्दा रहेछन् । यहाँ एकै पटकमा ४० हजार दर्शकहरुले कार्यक्रम हेर्न मिल्ने रहेछ । एक डेढ घण्टा लगाएर त्यस मनमोहक स्क्वायर त्यहाँ भएको बगैंचा र नयाँ दरबार अवलोकन गरी हामी दिउँसोको खाना खाने क्रममा स्क्वायरमै रहेको एक रेष्टुरामा जम्मा भयो । हामीलाई त्यो खाना प्रादेशिक सरकारको मुख्य मन्त्रीको कार्यालयले व्यवस्था गरिदिएको रहेछ । खानापछि हामी लिकमा हिँड्ने बस चढी सेपुलक्रल चिहान (Württemberg Mausoleum) अवलोकन गर्नतर्फ लाग्यौं ।

### सेपुलक्रल चिहान (Württemberg Mausoleum)

यो चिहान रहेको गजुराकारको भवन राजा विलहेल्म प्रथमले आफ्नी द्वितीय रानी रसियाकी क्याथेरिन पाभब्लोनाको सम्झनामा बनाउन लगाएको एक स्मारक रहेछ । सन १७७८ मा यसको निर्माण शुरु भई सन १८१९ मा सम्पन्न भएको रहेछ । पछि सन १८२० देखि १८२४ को अवधीमा राजा विलहेल्म र उनकी छोरीको चिहान पनि यही राखिएको रहेछ । अंगुरको बगैंचाबीच शहरको उचो भागमा रहेको कारण यहाँबाट सिंगै स्टुटग्राट शहर र अलि टाढा नेक्कार नदीको मनमोहक दृश्य देखिदो रहेछ । सन १८२५ पश्चात यस भवनलाई रसियन अर्थोडक्स चर्चको रुपमा पनि प्रयोग गर्न थालिएको रहेछ ।



स्क्वायरसँगै रहेको बगैंचा


दरबार स्क्वायर क्षेत्रबाट देखिने स्टुटगार्टको टिभी टावर


स्मारकको बीचमा रहेको पैदल यात्रीले प्रयोग गर्ने सडक


सेपुलक्रल डाँडाबाट देखिने स्टुटगार्टको अवलोकन गर्दै सुरेन्द्र सन् १९८९ सेप्टेम्बरमा

# ऐतिहासिक जनआन्दोलन सुरू




■ शम्भुराम श्रेष्ठ

**८. वि.सं. २००४ वैशाख १७ गतेका दिन उपत्यकाका काठमाडौं, पाटन र भक्तपुर तीनवटै सहरहरूमा नागरिक तथा राजनीतिक मागहरूलाई अघि सार्दै ऐतिहासिक जनआन्दोलन सुरू भयो :**

सन् १९४६ (अर्थात् वि.सं. २००३ चैतको आधा आधीमा) भारतीय समाजवादी पार्टीका नेता डा. राममनोहर लोहयाको नेतृत्वमा र का.मनमोहन अधिकारी, विश्वेश्वरप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई आदिको सहभागितामा विरटनगर तथा जोगबनीका मील कलकारखानाहरुका मजदुरहरुले युनियन अधिकारको माग गर्दै हडताल गरे । नेपालको इतिहासमा त्यो पहिलो मजदुर आन्दोलन थियो । त्यही आन्दोलनको सिलसिलामा का.मनमोहन अधिकारी, विश्वेश्वरप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई गिरफ्तार पनि भएका थिए । त्यो हडताल हुनुभन्दा पहिले नै नेपाली राष्ट्रिय कांग्रेसको केन्द्रीय कार्यकारिणी समितिले देशका सम्भव भएका भागहरुमा नागरिक तथा राजनीतिक मागहरुको निम्ति शान्तिपूर्ण एवं सशक्त जनआन्दोलन गर्ने निर्णय गरेको थियो । सोही निर्णयबारे हामीहरुलाई अवगत गराउन र नेपाली राष्ट्रिय कांग्रेस वा नेपाल प्रजातन्त्र संघमध्ये कुनैको झन्डामुनि काठमाडौं उपत्यकामा नागरिक तथा राजनीतिक अधिकारहरुको निम्ति जनआन्दोलन गर्नेबारे निर्णय गराउनको लागि डीबी परियार कांग्रेसको तर्फबाट पत्रसहित काठमाडौं आइपुगे । उनलाई मेरो घरको ठेगाना थाहा भएकाले उनी सिधा मेरा घरमा आइपुगे । त्यसबेला म घरमै थिएँ । धेरै वर्षपछि भेट भएको हुनाले केही समय त आपसी भलाकुसारी गर्दैमा बितिहाल्यो । त्यसपछि मात्रै यहाँ आउनको खास कारणबारे कुराकानी भयो । चियासिया खइसकेपछि उहाँलाई खान र बस्नका लागि एक जना साथीको घरमा व्यवस्था गरियो । भोलिपल्ट दिउँसो ठीक १ बजे प्रेमबहादुर कंसाकारको घरमा भेटघाट र औपचारिक कुराकानी गर्ने निर्णय गरी म घर फर्कें । भोलिपल्ट ठीक तोकिएको समयमा डीबी परियार लगायत हाम्रो पार्टीको केन्द्रीय नेतृत्वका सबै सदस्यहरु आइपुगे ।

औपचारिक कुराकानी सुरु भएपछि सबभन्दा पहिले हामीहरुले नेपाली राष्ट्रिय कांग्रेसको स्थापना हुँदा जारी गरिएको घोषणापत्रमा नेपाल भारतको एउटा अंग हो भनी स्थापना सम्मेलनको निर्णय अनुसार तोकिएको कुराको विरोध गऱ्यौं र उक्त कुरा नेपालको राष्ट्रिय स्वाधीनता एवं सार्वभौमिकता विरुद्धको कुरा भएकाले त्यसलाई बदर गरिनुपर्ने औपचारिक रुपले माग गऱ्यौं । हामीहरुको यो राजनीतिक अडानमा डीबी परियारले पनि आफ्नो समर्थन व्यक्त गरे । नागरिक तथा राजनीतिक अधिकारहरुको निम्ति जनआन्दोलन सुरु गर्ने बारेमा हामीहरुले आफ्नो पार्टी अर्थात नेपाल प्रजातन्त्र संघलाई भूमिगत नै राख्ने र नेपाली राष्ट्रिय कांग्रेसका ब्यानरमै शान्तिपूर्ण जनआन्दोलन वैशाख १७ गतेको दिनदेखि प्रारम्भ गर्ने निर्णय गऱ्यौं । हाम्रो यो निर्णय भएपछि यही मेसेज लिएर डीबी परियार भारत फर्कनुभयो । पार्टीको निर्णय मुताविक केन्द्रीय नेतृत्वबाट का.पुष्पलाल र म (शम्भुराम श्रेष्ठ) १७ गते वैशाख २००३ देखि सुरु हुने नागरिक तथा राजनीतिक अधिकारहरु निम्तिको जनआन्दोलनको अगुवाई गर्न पहिलो दिन नै निस्कियौं । का.पुष्पलालले त्रिचन्द्र कलेजबाट आन्दोलनको नेतृत्व गरे र मैले दरबार हाइस्कुलबाट ।

दरबार हाइस्कुलको उत्तरी ढोकाको माथिबाट मैले 'आजसम्म हामी नेपाली जनता नेपालका नागरिकहरु हुँदाहुँदै पनि जानेर होस् अथवा नजानेरै होस् भेडाबाखाहरुजस्तै अधिकारविहीन, निरीह भइबसेका छौं र राणा शासकहरुले पनि हामीहरुसँग सोही अनुसारकै व्यवहार गरिआएका छन् । आजदेखि हामीहरु भेखाबाखा जस्तै भएर बस्दैनौं, न त राणा शासकहरुले हामीहरुप्रति गरिआएको त्यस किसिमको व्यवहारलाई नै सहने छौं । हामीहरु आजाद छौं र आजाद नागरिकहरुकै हैसियतले बाँच्न चाहन्छौं । त्यसको निम्ति पहिलो आवश्यकता हो नागरिक तथा राजनीतिक अधिकारहरु प्राप्त गर्नु । त्यही कारणले नै नेपाली राष्ट्रिय कांग्रेसले नेपालमा प्रजातान्त्रिक क्रान्तिको सुरुवात तिनै नागरिक तथा राजनीतिक अधिकारहरु निम्तिको आन्दोलनबाट गर्न निर्णय गरेको हो । त्यसको सफलता तपाई दिदी बहिनीहरु र दाजुभाइहरु सबैले यस आन्दोलनमा सरिक भई सहयोग गर्नुभएको खण्डमा मात्र हुन सक्छ । अतः राष्ट्रिय कांग्रेस सहयोगको निम्ति तपाईंहरुसँग अपिल गर्दछौं । मैले यसरी भाषण गर्न थालेपछि विस्तार विस्तारै त्यहाँ मानिसहरुको भीड लाग्न थाल्यो । मैले आधा घन्टा जति बोलिसकेपछि त्यहाँ पुलिसहरु आइपुगे र मलाई बोल्नबाट रोक्न थाले । अनि मैले स्कुलको पर्खालमाथिबाटै 'इन्क्लाब जिन्दावाद ।' नागरिक अधिकार जिन्दावाद आदिका नाराहरु लगाउँदै पर्खालबाट तल सडकमा ओर्लें । पुलिसले मलाई समातेर असनतिर लगे । त्यति बेलासम्ममा ३०० जतिको भीड लागिसकेको थियो र त्यहीं भीड पनि सानो जुलुसको रुपमा म सँगसँगै नारा लगाउँदै अगाडि बढ्यो । जसै म तँलाछी टोलबाट 'इन्क्लाब जिन्दावाद' को नारा लगाउँदै असनतिर लागें, उता दरबार हाइस्कुलको दक्षिणी ढोकाबाट टंकविलास गुरुभाजु पनि 'इन्क्लाब जिन्दावाद' को नारा लगाउँदै भोटाहिटीबाट असनतर्फ लागे । उनको पछिपछि पनि ३०० जति मानिसहरुको भीड सानो जुलुसकै रुपमा 'इन्क्लाब जिन्दावाद' को नारा लगाउँदै आएको थियो । असनमा हामी दुवै थरीको भेट भयो । जुलुस पनि अलि ठूलै भयो र अलि उत्तेजित पनि । हामीहरुलाई समातेर ल्याउने पुलिसहरु अब हामीलाई समातिराख्न नसक्ने भए र बाध्य भई हामीहरुलाई छाडिदिए । जुलुससहित हामीहरु नारा लगाउँदै हनुमान ढोकास्थित पुलिस थानातर्फ लाग्यौं । इन्द्रचोक पुग्दा जुलुस करिब ५००० जतिको भइसकेको थियो । पुलिस थाना पुग्दा जुलुसमा सहभागी भई नारा लगाउनेहरुको संख्या अझै बढिसकेको थियो । हामीहरुलाई थानाभित्र हुल्नु त के हामीहरु थानाभित्र पसिदेलान् भन्ने डरले थानाभित्रबाट पुलिसहरुले ढ्याम्मढुम्म थानाको ढोका बन्द गरे । अनि बाहिरबाट हामीहरुले पक्राउ गरी लगिएका हाम्रा साथीहरुलाई छाडिदेऊ, होइन भने ढोका फोडेर हामीहरुले नै आफ्ना थुनिएका साथीहरुलाई छुटाएर लाने छौं भन्दै थानाको बन्द ढोकामा ढ्याम्म ढ्याम्म लात्ताले हान्न थाल्यौं । केही बेरसम्म यो क्रम जारी रह्यो । त्यसपछि लाचार भएर पुलिसहरुले का.पुष्पलाल लगायत थुनिएका हाम्रा सबै साथीहरुलाई छाडिदिएँ । त्यस बेलासम्म जुलुस झन्डै १० हजारको भइसकेको थियो । जुलुस वसन्तपुर कुमारीघर, पार्वती मन्दिरको मुनिबाट यटखा, नरदेवी, टंगाल, न्हयोखा, बांगेमुढा, असन, भोटाहिटी, रानीपोखरी, नारायणहिटी राजदरबार, नक्साल हुँदै विशालनगरस्थित प्रधानमन्त्री पद्मशमशेरको दरबारतर्फ लाग्यो । जुलुस नक्साल भगवतीको मन्दिरनेर के पुगेको थियो जनरल नरशमशेरको नेतृत्वमा मिलिटरी जवानहरुले खचाखच भरिएका ३ ट्रकहरु एक्कासी जुलुसको अगाडि आएर रोकिए । जुलुसको अग्रिम पंक्तिमा का.पुष्पलाल, म र टंकविलास गुरुभाजु थियौं । ट्रकबाट ओर्लिएर मिलिटरी जवानहरुले हामीहरुलाई राइफलको कुण्डा (बेट) हरुले आँखा चिम्लिर दनादन चुट्न थाले । टाउकोदेखि खुट्टासम्म रगताम्य भएपछि मिलिटरी जवानहरुले उचाल्दै हामीहरुलाई ट्रकमा राखिदिए । हामीहरुसँगै डा.,दिनेश गोंगल पनि थिए । उनको उमेर १४ वर्षको र शरीरको कद एकदमै होचो र पातलो भएकाले उनी सानो केटो जस्तै देखिन्थे (वास्तवमा उनी हाम्रो प्रोग्रामअनुसार आएका पनि होइनन्) । त्यसै मिलिटरी जवानहरुले उनलाई छुँदै छोएनन् अर्थात् उनलाई पक्राउ गर्न चाहेनन् । तर पनि उनले 'म पनि सत्याग्रही नै हुँ । मलाई पनि उहाँहरुलाई जस्तै पक्राउ गरेर ट्रकमा राख' भनी कराउन थाले । अनि उनलाई पनि पक्राउ गरी हामीहरुसँग ट्रकमा राखे । हामीहरुलाई राखिएका ट्रकहरु विशालनगरतिर नलगी महाराजगन्जस्थित तत्कालीन कमाण्डर इन चिफ मोहन शमशेरको लक्ष्मी निवास लगियो । हामीहरुलाई त्यहींकै सैनिक ब्यारेकमा लगेर राखियो । हामी जिउभरिको घाउहरुको दुखाई, थकाइ र भोकले बोल्नै नसक्ने गरी अशक्त भएका थियौं । रातको ९ बजेतिर त्यही ब्यारेकको भान्छा कोठामा खाना खानका लागि बोलाउन आए- खाना एकदमै थर्डक्लासको थियो । तर पनि 'के मिठो भोक मिठो' भनेझैं, हामीहरु त्यही थर्डक्लासको खाना पनि थपेर खायौं । राति १० बजेपछि सैनिक जवानहरुले हामीहरुको घरघरबाट ओढ्ने ओछ्याउनेहरु ल्याइदिए ।

नागरिक तथा राजनीतिक अधिकारहरु निम्तिको हाम्रो आन्दोलन निर्णय भए मुताबिक नै आठ दिनसम्म अटुट रुपले उही माफिक चल्यो । नवौं दिनको २ बजेतिर हामीहरुलाई मोहनशमशेरको लक्ष्मी निवासबाट ट्रकहरुमा राखेर विशालनगरस्थित राणा प्रधानमन्त्री (जसलाई श्री ३ महाराज भनिन्थ्यो) पद्मशमशेरको दरबारमा लगियो । दरबारको पहिलो तलाको बैठकको ठीक मुन्तिरको पटांगिनीमा लाम लगाएर हामीहरुलाई उभ्याइयो र हामीहरुमध्ये प्रत्येकको ठीक पछिल्तिर हामीहरुका पिठ्युँमा राइफल सोझ्याएर सैनिक जवानहरु उभिएका थिए । हामीहरुलाई त्यसरी लाभमा उभ्याइएको १०-१५ मिनेटपछि प्रधानमन्त्री पद्मशमशेरले बैठकको झ्यालमा उभिएर हामीहरुलाई सम्बोधन गर्दै भने- 'हामीले नै जनतालाई नागरिक तथा राजनीतिक अधिकारहरु दिने निर्णय गरिसकेका थियौं, तिमीहरुले व्यर्थमा किन आन्दोलन गरेको ?' अनि मैले त्यसको उत्तरमा भनें, 'महाराज हामीहरुलाई त्यो थाहा थिएन र थाहा भएको भए गर्दैनथ्यौं ।' पद्मशमशेरले केही बोलेनन्, सुनिमात्र रहे । वातावरण विल्कुल शान्त थियो । एकाएक त्यही झ्यालबाट कड्केर बहादुर शमशेरले भन्न थाले- 'महाराज, हुकुम बक्से म यिनीहरुलाई अहिल्यै काटिदिन्छु ।' बहादुरशमशेरले यति के बोलेका थिए मेरै छेउमा उभिएको नारायणविलासले (पछि कम्युनिस्ट पार्टी स्थापना गर्नेमध्येका एक) महाराजबाट हुकुम भए, मैले पनि बहादुर शमशेरलाई काटिदिन्छु भनेर ठूलो स्वरले भनें । त्यसपछि रिसले चुर भई मोहनशमशेरले भन्न थाल्यो- 'त्यो बदमासलाई चुट ।' तीन चार जना आठ पहरियाहरु दगुरेर आई निर्ममतापूर्वक नारायण विलासलाई चुट्नसम्म चुटे । त्यसपछि लाम लगाएर उभ्याएका हामीहरु सबैलाई सम्बोधन गर्दै श्री ३ महाराज पद्मशमशेरले भने, -'जे भए पनि यो पटक म तिमीहरुलाई छाडिदिन्छु । अब उप्रान्त कुरा राम्ररी बुझेर मात्रै कुनै कदम उठाउनू । तिमीहरुले माग गरेका अधिकारहरुबारे हामीले चाँडै नै घोषणा गर्नेछौं ।' यसरी रिहाइ भएपछि हामीहरु पद्मशमशेरको दरबारबाट बाहिर निस्कियौं । २०० कदम जति अगाडि के गएका थियौ एकाएक एक हूल आठपहरियाहरु दगुर्दै आए र 'यिनीहरुलाई चुट चुट' भनी कराउँदै हामीहरुमाथि खनिन थाले । टंकविलास गुरुभाजु, तिलकराज शाही र मलाई विशेष गरेर अत्यन्तै क्रुरतापूर्वक पिट्दै हामीहरु सबैलाई फेरि दरबारभित्र लगे । एक क्षणपछि टंकविलास महाराजगन्जस्थित मोहनशमशेरको लक्ष्मी निवासको सैनिक ब्यारेकमै फर्काएर लगे । भोलिपल्ट हामी तीनै जनालाई नेल सिक्री लगाएर सेन्ट्रल जेल चलान गरियो ।

# हर हर हर महादेव

**-गोपीकृष्ण प्रसाई**



नीलकण्ठ बन्यौ कहिले वीरभद्र बन्यौ ।
यो स्वार्थी दुनियांलाई धूलो तुल्य ठान्यौ ॥
सर्परूपी बिषलाई पनि मालाझैं उनेर ।
गंगारूपी सागरलाई सिरमा थुनेर ॥
माया गर्यौ लासलाई पनि विरहको धुन बोकी ।
खरानी धस्ने तिमीलाई सुन पनि फलाम हो कि ? ॥
क्रोधाग्नि ज्वालाले गणेशजीको शिर फाल्यौ ।
घमण्डथ्यो दक्षजीमा बोकाको शिर हाल्यौ ॥
नास गर्यौ संधै तिमीले अहंकारी शक्तिलाई ।
कल्याण गर्यौ सदा तिमीले निष्ठा
अनि भक्तिलाई ॥
भष्मासुरलाई वरदान दिँदा आफै भाग्नु पऱ्यो
विष्णुजीको कुटनीतिले ठूलै अनिष्ट टऱ्यो ॥
शिवलिंगका अनेकरूपमा फैलिगयो रहस्य ।
भक्तजनलाई शिवजीले तार्नेछन अवश्य ॥
सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता ।
महादेव हुन यस सृष्टिका उध्दारकर्ता ॥
मृगस्थली वनैमा मृगझैं कुदेर
अहंकारलाई नास गर्न आफैसंग जुधेर ।
संसारका सबै जीवलाई माया गर्नै भगवान ।
सृष्टिको कल्याण खातिर तपस्यामा लीन छन् ॥
वरदान दिने सबैलाई भेदभाव नगरी ।
बाघको छाला, डमरू त्रिसुल स्वीकारी ॥
त्रिनेत्रधारी तिमी मसानघाटमा रमाउने ।
पापिष्ट आत्माको जरो किलो उखेल्ने ।
बिष, भाङ, धत्तुरोलाई पचाउने तिमी ।
दर्शन दिए तिमीले उडी आउँथ्यौ हामी ॥
खुसी नै छन पार्वती हिउँमा माया गोडेर ।
भष्म भए कामदेव तिमीलाई वाण छोडेर ॥
सत्यपथका सबैलाई रक्षा गर्ने तिमी ।
राक्षसी प्रवृतिलाई अन्त्य गर्ने तिमी ॥
रावणले खुसी पार्न गज्जब नृत्य देखायो ।
सुन्दर तिम्रो रजिष्टरमा आफ्नो नाम लेखायो ॥
शुक्रजीले पेटमा पसी संजीविनी पाए ।
किराँतेश्वर महादेव नेपाल देशमा छाए ॥
संसारका सबै सृष्टि मेरै हुन भनि ।
जात, पात महादेवले देख्दैनन कहीं पनि ॥
संसारका प्राणीभित्र शिवजीको मन छ ।
हाम्रो दर्शनशास्त्रले यही कुरा भन्छ ॥
महादेव र पार्वती घुम्दैछन रमेर ।
गाउँदै गीत भगवानको आउ बसौं जमेर ॥
छैन कुनै स्वार्थ अनि न धन तिर मन छ ।
सम्झिरहे महादेवलाई प्रेमतिर मन जान्छ ॥
खरानी धसेर कैलासमा बसेर ।
अघोरी साधु जनको मनभित्र पसेर ॥
विकार केही देखिएन महादेवको दृष्टिमा ।
कोही निच र उचो हुन्न ईश्वरको सृष्टिमा
कर्म गर्ने सबैले बरदान पाउँछन ।
छल गर्ने पापी मात्र आफैसँग रमाउँछन ॥
कथा राम्रा भगवानका जोगाई राखुँ है ।
सभ्यता यो पुरानो छ यसलाई बचाई राखौं है ॥
उ बेलाका उपदेशलाई यो बेलामा केलाउँला ।
धर्मभित्र स्वार्थ भए महादेवलाई बोलाउँला ॥
नन्दी वाहन चढेर महादेव आउलान ।
धर्मभित्र छल गर्नेलाई सिस्नो पानी लगाउलान ॥
कमाईखाने भाँडो जस्तो धर्म बन्नु हुन्न ।
कसैले फटांई गरे शिवले छोड्नु हुन्न ॥
कति राम्रा महादेव शिरमाथि गंगा छन् ।
चन्द्रमा, शीतलता र डरलाग्दा जटा छन् ॥
हे पशुपतिनाथ तिमीलाई म भेट्न आउँछु ।
सद्बुध्दि दिनु है तिम्रै पाउ समाउँछु ॥
सभ्यता यो राम्रो छ हाम्रो झल्केको हिमाल ।
हे पिनाकधारी महादेव यो मनलाई सम्हाल ॥

# पेरिस : कलात्मक सहरमा अकलात्मक यौनाचार

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



रातको प्रगाढ निद्रामा पनि मेरो अगाडि पेरिसको अमूर्त चित्र देखिइरहेको हुन्छ । भव्यता, गरिमा र कौशलका लागि विश्वविख्यात पेरिसको एउटा होटेलमा म मस्त नीदमा डुबिरहेको हुन्छु । सपनाको रूपमा बदलिएको त्यही अमूर्त चित्रले निद्रालाई क्रमशः पातलो बनाउँदै बिउँझाउँदै गएको हुन्छ । निद्राबाट बिउँझनासाथ म झ्यालतिर बढ्दछु । चिरप्रतीक्षापछि देखेको पेरिस, मेरो मुखबाट अचानक शब्द निक्लन्छ 'पेरिस ! वाह पेरिस !' मेरो यो शब्दलाई सायद ती पङ्क्तिबद्ध भएका विशाल भवनहरूले सुनेछन् क्यारे । ती गगनचुम्बी अट्टालिकाहरू झन्झन् निकट भएका जस्ता देखिन्छन् ।

मनमा स्वस्थ आनन्दानुभूति हुँदा यसै कताकताबाट गीतका टुक्काहरू आफैंले गाइरहेको पहिले त चालै पाउन्नँ । सिरानतिरको टेलिफोनमा मधुरो स्वरको घण्टी आउँदा मात्र म झसङ्ग भएँ, नत्र उरन्ठयाउलो नामुद गायक बन्ने थिएँ हुँला । उत्सुकतासाथ फोन उठाउँछु, फ्रेन्च भाषामा एक जना केटीले पटटट बोल्छिन् । 'भुजा छ चर्पीमा...' भनेको जस्तो लाग्यो तर आफू भने फ्रेन्च भाषाको क ख ग नजान्ने । कहाँसम्म भने शिष्टाचारका शब्दहरू जस्तै- कृपया, धन्यवाद, नमस्तेजस्ता साधारण शब्दसमेत आफूले थाहा पाएको हुन्नँ । बल्ल पछि त्यस केटीले जर्मन भाषामा भन्दा मात्र सुइँको लाग्यो । कुरा के रहेछ भने ब्रेकफास्ट तयार छ भनी सूचित गरेकी रहिछिन् । आफ्ना ग्राहकबन्धुहरूलाई बिहान सबेरै फोनबाट सन्चो-बिसन्चो के छ, निद्रा राम्ररी लाग्यो-लागेन आदि हिसीपर्दो ढङ्गले सोधपुछ गरेको केही क्षणपछि ब्रेकफास्ट तयार छ भनी सूचित



गर्ने परिपाटी मैले युरोपको त्यही एउटा होटेलमा मात्र देखेँ । ग्राहकलाई आकर्षिक पार्ने यो स्वस्थ व्यापारिक परिपाटी मलाई निकै राम्रो लाग्यो । आफूले फ्रेन्च भाषा मत्र जानेको भए त्यस केटीसँग रमाइलो गफसफ पनि गर्ने थिएँ हुँला ।

**फ्रेन्च ब्रेकफास्ट**

ब्रेकफास्टका लागि तल ओर्लिएको हुन्छु । फ्रेन्च ब्रेकफास्ट कस्तो होला भन्ने मनमा उत्सुकता थियो । मेचमा बसेर आँखा झिम्म गर्न पाएको हुन्न एक अग्ली परिचारिकाले राता लामा घोचा पाउरोटी एउटा, नौनीका साना दुई-तीनओटा डिब्बाहरू, जाम भएका दुई ठूला सिसीहरू अनि अग्लो गिलासभरी ज्यादै बाक्लो, कालो, तातो कफी अगाडि ल्याइपुऱ्याउँछिन् । यस्ता लामा घोचा पाउरोटीलाई फ्रेन्चहरू 'ब्यागेट' भन्दा रहेछन् र यसको स्वाद साधारण पाउरोटीको भन्दा भिन्नै तर मनमोहक पनि हुँदो रहेछ । ब्रेकफास्टको परिकारमा भने यहाँ जर्मनी तथा बेलायतको भन्दा कमी भएको जस्तो लाग्यो । फुलका परिकार, फलफूलको रस, सुँगुरका मासुका लाम्चा चोक्टा (ससेज) जस्ता खानाबाट यहाँ वञ्चित हुनपऱ्यो । 'रोममा हुँदा रोमनहरूले गरेझैँ गर्नू' भन्ने अङ्ग्रेजी उक्तिलाई सम्झँदै ज्यान धान्न जे छ त्यही ठूलो भन्ने मनमा गुन्दै पाइएका लामा घोचा ब्यागेट र कडा कफीले पेटलाई खचाखच भरिदिएँ ।


**आइफेल टावर : एक भव्य स्तम्भ**

पेरिस सहरलाई औँल्याउन आइफेल टावरलाई थपक्क ठाडो पारेर राखेको धेरै ठाउँमा देखेको हुन्छु । अतः मेरा निम्ति आइफेल टावर र पेरिस दुई पर्यायवाचक वस्तुजस्तै भइसकेका हुन्छन् । त्यसैले पनि पेरिस पुगेको दोस्रो दिन नै अरू कुनै गन्तव्यस्थानमा नगई सोझै आइफेल टावरमा नै रुमलिन होटेलबाट एक्लै बाहिर निस्कें । दस-बाह्र मिनेटको हिँडाइपछि नै बायाँतिर आइफेल टावरको माथिल्लो भाग हुस्सुभित्र धूमिल भइरहेको देखेँ । धेरै वर्षअघिदेखि यो टावर भएको ठाउँमा पुग्ने उत्कट इच्छा थियो । आँखाअगाडि परेको त्यो टावरलाई लक्ष्य गर्दै आफू फटाफट हिँडिरहेको थिएँ । करिब आधा घण्टा भइसक्यो हिँडिरहेको तर आइफेल टावर अघिअघि म भने पछिपछि नै । मनमा तर्कना उठ्न लाग्यो- यो वास्तविकता नै हो या सपना वा मृगतृष्णा ? करिब एक घण्टापछि त्यस निर्दिष्ट स्थानमा पुगिन्छ । अनगिन्ती फोहराहरूले आकाशतिर विभिन्न आकार बनाई पानी फ्याँकिरहेको विशाल खुला रमणीय चौर-वाटिका (वाटिकाजस्तो चौर) मा राजसी छाँटले अतीतको भव्यतालाई सम्झाउँदै अहिले पनि उत्तिकै पर्यटक आकर्षणबिन्दु हुन पुगेको यो विशाल आइफेल टावरलाई देख्दा म दङ्ग परें । सेन नदीको किनारामा अवस्थित संसारका अचम्महरूमध्ये एक गनिएको यो स्तम्भको उचाइ ३२० मिटर रहेछ र यसका चौकोस परेका खुट्टाहरूले १२४ स्क्वायर मिटर भूभाग ओगटेको रहेछ । कुल तौल नौ हजार टन (नब्बे लाख के.जी.) भएको यो विशाल धरहरालाई मूर्त रूप दिने व्यक्ति थिए धातुनिर्माणका विशेषज्ञ इन्जिनियर गुस्ताभे आइफेल र यिनै महाशयको पछिल्लो नामबाट नै यसलाई आइफेल टावर भनी नामकरण गरिएको रहेछ । सन् १८८९ मा आयोजित पेरिसको अन्तर्राष्ट्रिय प्रदर्शनीमा यो भव्य स्तम्भलाई रोमाञ्चित तथा आश्चर्यकारी केन्द्रबिन्दु बनाउनलाई नै यसको निर्माण भए-गरेको रहेछ ।

यो आइफेल टावरको यत्रतत्र विभिन्न देशका यात्री वा पर्यटकहरूको घुइँचो थियो । फोटो खिच्ने वा खिचाउनेहरूको घुइँचो पनि त्यत्तिकै । आइफेल टावरसमेत आउने गरी फोटो खिचाउने धेरैको इच्छा हुने रहेछ । अतः त्यहाँ फोटो स्टाट क्यामराद्वारा खिचेर तुरुन्त फोटो दिने फोटोग्राफरहरूको छ्यासछ्यासती मात्र होइन कि तिनीहरूले पर्यटकहरूको पछिपछि लागी फकाईफुल्याई फोटो खिचाउन बाध्य गराइछाड्ने र फोटो खिचिसकेपछि प्रतिफोटोको लापरबाहीसाथ दस-पन्ध्र फ्याङ्क तिराउँदा रहेछन् । कस्ता लुटाहाहरू ! लगत्तै अरू पर्यटकहरू टिकट लिँदै यस टावरको माथिल्लो तलामा लिफ्टद्वारा चढिरहेको देख्दा मलाई पनि माथि चढ्ने कौतूहल हुन्छ । जसै एक सय पन्ध्र मिटर उचाइमा रहेको यसको दोस्रो तलामा पुगेको हुन्छु, त्यहाँ एउटा सानो मेलाजस्तो लागेको देख्छु । स्वयम्भूको डाँडाबाट काठमाडौं सहर छर्लङ्गिएझैँ आइफेल टावरको त्यो दोस्रो तलाबाट पेरिस सहरको दृश्य छर्लङ्ग देख्दा मलाई रोमाञ्चको अनुभव भएको थियो । तर त्यो ठाउँमा पनि पर्यटकहरूले मन पराउने सानातिना कोसेली (सोभेनियर) वस्तुहरू चर्को मूल्यमा बेचिरहेको देख्दा हाम्रो गरिब मुलुकमा मात्र होइन कि फ्रान्सजस्तो विकसित मुलुकमा पनि धूर्त, चङ्ख, ठगाहाहरूको बिगबिगी हुने सत्यताको आभास भयो ।

(क्रमशः)

# अधिकारीप्रति मालेको समवेदना



काठमाडौं । पूर्व उपप्रधान तथा अर्थमन्त्री एवं नेकपाका नेता भारतमोहन अधिकारीको निधनले दुखित एवं मर्माहत बनाएको भन्दै नेकपा (माले) ले एक विज्ञप्तिमार्फत भावपूर्ण श्रद्धाञ्जली तथा समवेदना प्रकट गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'नेपाली कम्युनिष्ट आन्दोलनका पहिलो पुस्ताका नेता, पूर्वउपप्रधान तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीको उपचारको क्रममा ह्याम्स अस्पतालमा २०७५ साल फागुन १८ गते राति ९:३५ बजे ८२ वर्षको उमेरमा भएको निधनले हामी अत्यन्त दुःखी एवम् मर्माहत भएका छौं ।

विसं १९९३ बैशाख २२ गते महोत्तरीको भ्रमणपुरमा जन्मिनु भएका स्व.अधिकारीले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वमा बनेको पहिलो कम्युनिष्ट पार्टीको सरकारमा पहिलो पटक अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्नु भएका अधिकारी बिभिन्न पटक मन्त्री एवम् उपप्रधानमन्त्री बन्नु भएको थियो । 'आफ्नो गाउँ आफैं बनाउँ', बृद्धभत्ता लगायतका कार्यक्रम मार्फत् लोकपृय बन्नु भएका अधिकारी अर्थ-राजनीतिमा दखल राख्ने नेताका रुपमा परिचित हुनुहुन्थ्यो । उहाँले लामो समय तत्कालिन नेकपा (माले) र (मार्क्सवादी) को एकीकरण पछि बनेको नेकपा (एमाले) को पोलिटव्युरो तथा स्थायी कमिटी सदस्यको जिम्मेवारी निर्वाह गर्नु भएको थियो भने पछिल्लो समय सकृय राजनीतिबाट बिश्राम लिनु भएको थियो ।

राजनीतिक परिवर्तनको निम्ति चार वर्ष भूमिगत, तीन बर्ष निर्वासन र तीन बर्ष जेल जीवन बिताउनु भएका स्व.अधिकारी निष्ठावान र वेदागी नेताका रुपमा चिनिनुहुन्छ । देश संघीयता कार्यान्वयन गर्दै समृद्धि निर्माणको अभियानमा अघि बढिरहेको अवस्थामा भएको अधिकारीको निधनले राष्ट्रिय राजनीतिमा अपूरनीय क्षति पुगेको छ । साथै देशले एउटा पुराना, निष्ठावान, सम्मानित र लोकतान्त्रिक नेता गुमाएको छ । यस घडीमा हाम्रो पार्टी नेकपा (माले) दिवंगत श्री भरतमोहन अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँका शोकसंतप्त परिवार एवम् पत्नी ओमकुमारी अधिकारी तथा तीन छोरीहरु, नेकपा पार्टी पङक्ति तथा समस्त आफन्तजनहरुप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

# भारत-पाक युद्ध टऱ्यो, तनाव यथावत



विष्णु भट्टराई

भारतीय र पाकिस्तानी सेनाले गत मार्च २ मा फेरि एकपटक विवादास्पद कस्मिर क्षेत्रमा एक अर्काका चौकी र गाउँलाई निसाना बनाए । जहाँ कम्तीमा ६ सर्वसाधारण र दुई पाकिस्तानी सेनाको मृत्यु भयो । १४ फेब्रुअरीमा दक्षिणी कस्मिरमा भारतीय अर्धसैनिक दस्तालाई लक्षित गरी आत्मघाती बम विस्फोट गराइएपछि भारत र पाकिस्तानबीचको तनाव बढेको थियो । ४० जनाभन्दा बढीको ज्यान जाने गरी भएको यस हमलामा पाकिस्तानको संलग्नता रहेको भारतको आरोप छ । पाकिस्तानले आरोप अस्वीकार गरिरहेको छ । २७ फेब्रुअरीमा नयाँदिल्ली र इस्लामावाद दुवैले एकअर्काका जेट विमान खसालेको दाबी गरेका थिए ।

भारत पाकिस्तानबीचको जस्तालाई तस्तै सम्बन्धको जरो कस्मिरको लामो समयदेखिको सीमा विवादसँग जोडिएको छ । यो समस्या ब्रिटिस उपनिवेशले अख्तियार गरेको 'फुटाउ र शासन गर' नीतिको नतिजा हो । दक्षिण एसियाको तनाव उच्च बिन्दुमा पुग्दा भारतले जैस ए मोहम्मदका नेता मसुद अजरहरलाई संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आतंककारी सूचीमा राख्न चीनको समर्थन खोजिरहेको छ । यसका लागि भारतले पर्याप्त प्रमाण जुटाउन भने सकेको छैन । अमेरिकी सहयोग पाएको भारत-पाकिस्तानविरुद्ध जस्तोसुकै कठोर कदम चाल्न तयार छ । यता पाकिस्तानले भने अनुसन्धान संवाद र सहकार्यमार्फत अहिलेको तनावलाई न्यून गर्न खोजिरहेको छ ।१ मार्चमा भारतीय पाइलटलाई बिनासर्त रिहा गरेर पाकिस्तानले सम्बन्ध सुधार गर्न चाहेको देखाएको छ । तत्कालका लागि भारत र पाकिस्तानले युद्ध गर्छन् भन्ने संकेत देखाएका छैनन् । यदि युद्ध भइहाल्यो भने पनि कसैले जित्ने छैनन् । साँघुरो सोचले सुरु हुने युद्धको मूल्य दुवैलाई ठूलो पर्नेछ । भारत पाक दुवै आणविक शक्ति सम्पन्न राष्ट्र हुन् । दुवै देशले संयम अपनाएर सत्यतथ्य छानबिन गर्दै अहिलेको स्थितिलाई नियन्त्रणमा लिने र संवादमार्फत समस्या समाधान गर्दै क्षेत्रीय शान्ति र स्थायित्वको पहल सुरु गर्ने विश्वास गरिएको छ ।

गत २६ फेब्रुअरीमा भारतीय लडाकु विमान पाकिस्तानको सीमाभित्र छिरेर पाकिस्तानमा क्रियाशील रहेको जैस-ए-इस्लाम समूहको तालिम केन्द्रलाई लक्षित गरेर हमला गरेको र करिब ३ सय मारिएको दाबी गऱ्यो । त्यसलगत्तै लडाकु विमानका तस्बिर र भिडियो विभिन्न भारतीय सञ्चारमाध्यममा भाइरल बने । तर, पछि मात्रै बाहिर आयो कि ती लडाकु विमानको तस्बिर निकै पुरानो हो । भारतले पाकिस्तानको बालाकोटमा जैस-ए-मोहम्मदका तालिम केन्द्र ध्वस्त पारेको र ३ सयभन्दा बढी मारिएको दाबी गरे पनि सो स्थानमा केही सल्लाका बोटहरू मात्रै ढलेका तस्बिर बाहिर आएका छन् ।

अहिलेसम्म त्यहाँ कति जनाको हताहती भयो भन्ने कुनै तथ्यांक छैन । यसको भोलिपल्ट अर्थात् २७ फेब्रअरीमा पाकिस्तानी लडाकु विमान भारतीय भूमिमा छिरे र यसैगरी खुला स्थानमा बम खसाए । त्यसलगत्तै भारतीय सेनाका लडाकु विमानले पनि जवाफी आक्रमणको प्रयास गरे । यसबीचमा पाकिस्तानी सेनाले दुई भारतीय लडाकु विमान खसाएको, दुईमध्ये एकका चालकको मृत्यु भएको र अर्काका चालक अभिनन्दनलाई पाकिस्तानी सेनाले नियन्त्रणमा लिएर प्रधानमन्त्री इमरान खानको आदेशसँगै शुक्रबार रिहा गरिएको छ । भारतले पाकिस्तानको एमआई-१६ हेलिकोप्टर खसाएको दाबी गरेको छ । त्यसको पाकिस्तानले खण्डन गरिरहेको छ । सत्य के हो भन्ने बिस्तारै खुल्दै जाला ।

यतिबेला दक्षिण एसियाका दुई आणविक शक्ति राष्ट्र भारत र पाकिस्तानबीच युद्ध भड्किने चिन्ता धेरैमा छ । यी दुई राष्ट्र वास्तविक रूपमा नै युद्धमा होमिए भने ठूलै क्षति पनि हुन्छ । भारतमा अबको केही महिनामा लोकसभाको निर्वाचन हुँदै छ, अघिल्ला चुनावमा भन्दा यसपटक मोदीको लोकप्रियताको ग्राफ घटेको छ । त्यसैले,




मोदीलाई आगामी निर्वाचनमा आफूलाई जसरी पनि श्रेष्ठ साबित गर्न र पाकिस्तानलाई तह लगाएको देखाउन भारतीय नेताहरू पछि पर्दैनन्, अहिले त्यही देखिएको छ । मोदीको धार्मिक र राष्ट्रवादी बन्ने चुनावी अस्त्रको बेलगाम प्रचार गरिरहेका छन्, भारतीय मिडिया । भारतीय मिडियाको प्रचार यस्तो छ कि मानौं पाकिस्तान पूर्णरूपमा पराजित भइसक्यो, उसका सामु अब आत्मसमर्पणबाहेक अर्को विकल्प छैन र बाध्य भएर पाकिस्तानले भारतीय लडाकु विमानका चालकलाई फिर्ता गऱ्यो ।

उता पाकिस्तानी केही मिडियाको तर्क पनि यस्तै लज्जास्पद नै छ । मानौं उनीहरूले भारतले पाकिस्तानमाथि हमला गरेमा एकैपटक यति गोली र लडाकु विमानमार्फत आक्रमण गर्नेछन् कि त्यसलाई भारतले झेल्न सक्दैन । यो मोदीको चुनाव जित्ने चालबाजी मात्रै हो, भन्ने पाकिस्तानी मिडिया र विज्ञले समेत तर्क गरिरहेका छन् ।

तर, कुनै दुई परमाणु शक्ति राष्ट्रबीच यति सजिलै युद्ध हुन्छ र त्यसबाट यी दुई राष्ट्रका केही मिडियाका भड्काउपूर्ण भाषणबाजीजस्तै अवस्थाको सिर्जना हुन्छ भन्ने कुरा बच्चाले पनि पत्याउँदैनन् । भारत र पाकिस्तानबीचको नियन्त्रण रेखा संसारकै सबैभन्दा बढी सैन्यीकरण भएको क्षेत्र हो । यो क्षेत्रमा लाखौं सेनाहरू क्रियाशील छन् र दुई देशबीच तनाव बढ्दा अझ सेनाको संख्या थप हुन्छ । केही दिनअघिकै दृश्य हेर्ने हो भने भारत र पाकिस्तान दुवै एक अर्काको भूमिमा प्रवेश गरेर आक्रमणका ट्रेलर गर्दै गर्दा दुवैले रोक्न सकेनन् । यसले दुवैको सैन्य आक्रमणकारी क्षमता करिब उस्तै प्रकारको छ भन्ने देखाउँछ । तर, युद्धमा 'हिटलर'का मन्त्री गोयबल्सले जस्तो एकले अर्कालाई सिध्याइसकेको दाबी आत्मरति मात्रै हो । वास्तविक युद्धको अवस्था आएमा दुवै राष्ट्र एकले अर्कोलाई भनेजस्तो निरीह पक्कै छैनन् । दुई देशको सैन्यशक्तिलाई तुलना गर्ने हो भने पाकिस्तानभन्दा भारत अघि नै छ । संसारकै दोस्रो ठूलो जनसंख्या भएको देश भारतमा १२ लाख सेना छन् भने करिब २० करोड जनसंख्या रहेको पाकिस्तानसँग करिब ८ लाख सैनिक छन् । भारतसँग करिब ४ हजार ४ सय ट्यांक, ६ हजार ८ सय बख्तरबन्द लडाकु बहान, २९० रकेट लन्चर छन् भने पाकिस्तानसँग २ हजार ९ सय ट्यांक, २८ सय बख्तरबन्द बहान, ४६५ सेल्फ प्रोपेल्ड गन, १३४ वटा रकेट लन्चर छन् ।

पाकिस्तानसँग भएको अल खालिद ब्याटल ट्यांकलाई पाकिस्तानी सेनाको मेरुदण्डका रूपमा लिइन्छ । भारतसँग भने अर्जुन एमके-२ जस्ता ट्यांक छन् ।

भारतका वायु सेनासँग १७ सय एयरक्राफ्ट छन् भने पाकिस्तानसँग ९६० एयरक्राफ्ट छन् । पाकिस्तानसँग ५१ वटा एएचवानएस कोब्रा हेलिकोप्टर र १५ एएचवानजेड भाइपर छन् । सैन्य क्षमतामा पाकिस्तानभन्दा अघि रहेको भारत आणविक क्षमतामा भने पछि छ । पाकिस्तानसँग १३० र भारतसँग ११० वटा आणविक हतियार छन् ।

भारतसँग ४ हजार ४ सय ट्यांक, ६ हजार ८ सय बख्तरबन्द लडाकु बहान, २९० रकेट लन्चर छन् भने पाकिस्तानसँग २ हजार ९ सय ट्यांक, २८ सय बख्तरबन्द बहान, ४६५ सेल्फ प्रोपेल्ड गन, १३४ वटा रकेट लन्चर छन् । पाकिस्तानस“ग १३० र भारतसँग ११० वटा आणविक हतियार छन् । भारत र पाकिस्तानले बेलायती उपनिवेशबाट सन् १९४७ मा स्वतन्त्रता पाए । भारत १५ अगस्ट १९४७ मा स्वतन्त्र भएको एक दिन अघि १४ अगस्तमा पाकिस्तान स्वतन्त्र भयो । भारत र पाकिस्तान बेलायती उपनिवेशबाट मुक्त हुँदा कश्मीर पनि एउटा स्वतन्त्र देश थियो । जहाँ हिन्दू राजा हरि सिंहले राज्य गर्दथे, अधिकांश जनता भने मुस्लिम थिए । जनता मुस्लिम बहुल क्षेत्र स्वतन्त्र रहन या पाकिस्तानमा मिसिन चाहन्थ्यो भने अल्पसंख्यक हिन्दू र कश्मीरी राजा भारतमा मिसिने पक्षमा थिए । सन् १९४७ मा कश्मीरको श्रीनगरमा मुस्लिम समुदायको आन्दोलन चर्कियो । राजा हरि सिंह भागेर भारत आए र २६ अक्टोबरमा कश्मीरलाई भारतमा गाभ्ने प्रस्तावमा हस्ताक्षर गरे । तर, कश्मीरी जनता भारतमा गाभिन तयार थिएनन् ।

त्यसबेला देखि भारतीय सेनाले कश्मीरमा निरन्तर दमनचक्र चलाइरहेको छ । त्यसबाट हजारौं निहत्था कश्मीरी जनताले जीवन गुमाएका छन्, हजारौंले सुरक्षाकर्मीको प्यालेट गनबाट आँखाको ज्योति गुमाएका छन् । भारत प्रशासित कश्मीरमा आजपर्यन्त यो क्रम चलिरहेको छ । भारतीय शासनको विरुद्धमा रहेकाहरूलाई आतंकवादी घोषणा गर्न, जेल हाल्न या अनेक दुःख दिनु अब सामान्यजस्तै हो । यसबीचमा कश्मीर समस्या हल गर्न भएका प्रयासले सार्थकता पाउन सकेका छैनन् भने राष्ट्र संघमा पनि कश्मीर समस्या अनिर्णित छ । यसै अवस्थाबीच कश्मीर भारत प्रशासित, पाकिस्तान प्रशासित क्षेत्र तथा यसको केही भाग चीनतर्फ पनि छ । कश्मीर विवादमा भारत र पाकिस्तान सन् १९४७, १९६५ र १९९९ मा तीन पटक युद्ध लडिसकेका छन् । अहिले भारत र पाकिस्तानवीच बढेको यो तनावको मुख्य जड पनि कश्मीर विवाद नै हो ।

युद्ध र आक्रोशले सही गन्तव्यमा लैजादैन । यतिबेला विश्वको अवस्था हेर्ने हो भने करिब करिब युद्धकै अवस्था छ । कश्मीर विवाद सिंगो दक्षिण एसियाको विकास र प्रगतिको बाधक बनेको अवस्था छ । सार्क शिखर सम्मेलन कश्मीर विवादकै कारण लामो समयदेखि रोकिएको छ । पाकिस्तानमा गत वर्ष मात्रै भएको निर्वाचनबाट इमरान खान नेतृत्वको सरकार बनेको छ ।

लामो समय सैनिक शासन चलेको पाकिस्तानमा सेना निकै बलियो रहने गरेको छ । त्यसैले राजनीतिक नेतृत्वसँग कतिपय अवस्थामा टकराबको अवस्था पनि रहने गरेको छ । राजनीतिक अस्थिरता, आन्तरिक कलह, भ्रष्टाचारले सिंगो देशलाई आक्रान्त पारेको छ । यता भारत भने विस्तारै विश्वको आर्थिक शक्तिका रूपमा अघि बढिरहेको छ । आर्थिक प्रगतिका कारण उसले सैन्य क्षेत्रमा ठूलो लगानी गरेको छ भने अन्तर्राष्ट्रिय मञ्चमा भारतको पाकिस्तानको भन्दा बलियो उपस्थिति छ । यसैको बलमा भारतले पाकिस्तानमाथि निरन्तर दबाब सिर्जना गर्ने गरेको छ । तर अहिलेको अवस्था र परिस्थितिलाई हेर्ने हो भने तत्कालै दुई मुलुकबीच ठूलो युद्ध भइहाल्ने अवस्था भने छैन । युद्धमा अरुलाई हराउनु जत्तिकै महत्वपूर्ण कुरा आफूलाई बचाउनु र विजयी हुनु पनि हो । त्यसैले युद्धमा आक्रमण मात्रै होइन प्रतिरक्षा पनि उत्तिकै महत्वपूर्ण छ ।

अहिलेको अवस्था हेर्ने हो भने दुई परमाणु शक्ति सम्पन्न राष्ट्रबीच भीषण युद्ध हुने कम सम्भावना हुन्छ । अरु सबै हतियारको प्रतिरक्षा गर्न गर्न सम्भव भएपनि आणविक हतियारको प्रतिरक्षा गर्नसक्ने अर्को कुनै हतियारको विकास भएको छैन ।

*एजेन्सीको सहयोगमा*

# घुम्नैपर्ने नेपालका उत्कृष्ट ११ गन्तव्यहरू

पर्यटन

visit nepal 2020 Lifetime Experiences


पर्यटन गन्तव्यमा नेपाल विश्वकै उत्कृष्ट देशको सूची भित्र पर्ने गर्दछ । प्राकृतिक विपत्ति र अन्य कारणले ओरालो लागेका बेलामा विश्वका चर्चित गन्तव्यमा नेपाल परिरहनुले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने निश्चित छ । हो, घुम्नका लागि उपयुक्त मौसम छनोट गर्नुहोस् । न जाडो, न त गर्मी यस्तो मौसमलाई घुमघामको सिजन भन्दा पनि हुन्छ । नेपालका सुन्दर र रमणीय पर्यटकीय गन्तव्यबारे हामी तपाईंलाई जानकारी दिँदै छौं, ता कि बिदाको समय घुमेर सदुपयोग गर्नुहोस् ।

## सगरमाथा



नेपाल आउने पर्यटकको प्रमुख रोजाइमा पर्ने स्थानमध्ये एक हो, सगरमाथा राष्ट्रिय निकुञ्ज यात्रा अर्थात् सगरमाथा पदयात्रा । यो पदयात्रामा बर्सेनि हजारौंको संख्यामा पर्यटक आउने गर्छन् । कोही विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि नेपाल आउँछन् भने कोही सगरमाथाको आधार शिविरसम्म पदयात्रा गरेर फर्कने गर्छन् । यो क्षेत्रमा नेपालीभन्दा विदेशी पर्यटकहरु बढी जाने गर्छन् । तर, पछिल्लो समय नेपाली पर्यटकहरु समेत उल्लेखनीय रुपमा आउने गरेका छन् । सगरमाथा क्षेत्रमा विभिन्न पदमार्ग भए पनि विशेष गरी सगरमाथालाई आँखै अगाडिबाट हेर्ने हो भने सबैभन्दा उपयुक्त स्थल हो कालापत्थर । जुन समुद्री सतहबाट ५ हजार ५ सय ५५ मिटर उचाइमा छ । यो नै विश्वको सर्वोच्च शिखर सगरमाथालाई नजिकबाट अवलोकन गर्ने उपयुक्त ठाउा हो । कालापत्थरबाट ३६० डिग्रीमा हिमाल हेर्न सकिन्छ । तर, कुन हिमाल हो भनेर कुनै पनि जानकारी नहुँदा पर्यटकहरु अलमलमा समेत पर्ने गर्छन् ।

## रारा



मुगु जिल्लामा पर्ने देशकै सबैभन्दा ठूलो ताल तथा स्वच्छ पानी भएको तालको रूपमा रारा काललाई लिइन्छ । पछिल्लो समय गाडीमार्फत जान सकिने भएकाले पर्यटकहरूलाई जान र आउन हवाई र गाडी जुनसुकै साधन प्रयोग गर्न सक्छन् । पछिल्लो समय आन्तरिक पर्यटकले भरिभराउन हुन थालेको रारामा पर्यटकलाई जान सहज हुन थालेपछि विदेशी पर्यटकहरू पनि ठूलो संख्यामा जाने आशा गरिएको छ । रारा जानको लागि फागुनदेखि जेठ मध्यसम्म र असोजदेखि मंसिरसम्म उपयुक्त छ ।

## खप्तड

खप्तड राष्ट्रिय निकुञ्ज नेपालको सुदूरपश्चिम क्षेत्रमा पर्ने चार जिल्लाको संगमस्थल हो । बझाङ, बाजुरा, अछाम र डोटी जिल्लामा रहेको उक्त क्षेत्र १ हजार ४ सय मिटर उचाइदेखि ३ हजार ३ सय ३० मिटर क्षेत्रमा फैलिएको छ । खप्तड



जानको लागि चैत र वैशाख तथा असोज-कात्तिक महिना उपयुक्त हुने लोन्ली प्लानेटले जनाएको छ । पछिल्लो समय नेपाल पर्यटन बोर्ड तथा पर्यटन व्यवसायी संस्थाहरूले खप्तड जानको लागि स्वदेशी तथा विदेशीका लागि प्याकेजसमेत घोषणा गरेका छन् ।

## अन्नपूर्ण पदमार्ग



विश्वको चर्चित पदमार्गमध्ये एक हो, अन्नपूर्ण पदमार्ग । विश्वका उत्कृष्ट दश पदमार्गभित्र पर्ने भएकोले यो पदमार्ग विश्वभर परिचित छ । यो पदमार्ग नेपाल आउने विदेशी पर्यटकको पहिलो रोजाइमा पर्ने गर्छ । लमजुङको बेंसीसहरलाई अन्नपूर्ण पदमार्गको प्रवेशद्वार भनिन्छ । बेंसीसहर हुँदै खुदी, भुलभुले, स्याँगे, जगत हुँदै मनाङ जिल्लाको ताल, बगरछाप,चामे, थोरङपास हादै मनाङ पुगेपछि अन्नपूर्ण पदमार्ग सकिन्छ ।

## लाङटाङ

रसुवाको सौन्दर्य हिमाल, ताल, तातोपानी, थरीथरीका वनस्पति, हाब्रे, हिमालयन थार, लाङटाङ हिमाल (७ हजार २ सय ४५ मिटर) र गणेश हिमाल श्रृंखला अनि हिउँमा रमाउने क्षेत्र लाङटाङ हो । काठमाडौंबाट १ सय ३२ किलोमिटर बस




यात्रापछि स्याफ्रुबेंसी पुगिन्छ । लाङटाङ पैदल यात्रा सोही स्थानबाट लाङटाङ पदयात्रा सुरु हुन्छ । लाङटाङ भूकम्पका कारण ध्वस्त भए पनि पछिल्लो समय बाटोहरू निर्माण भएसँगै पर्यटकहरूको चहलपहलसमेत बढ्न थालेको छ ।

## जोमसोम-मुक्तिनाथ



हिन्दू र बुद्धमार्गीको समेत तीर्थस्थल रहेको मुक्तिनाथ क्षेत्र पर्यटकको लागि आकर्षक गन्तव्य रहेको छ । ३ हजार ७ सय १० मिटर उचाइमा रहेको उक्त भ्याल्लीले आन्तरिक र बाह्य पर्यटकको मुख्य गन्तव्य स्थलको रूपमा पहिचान कमाएको छ ।

## पुनहिल




नेपालको मुख्य र सबैभन्दा आकर्षक पदमार्ग घान्द्रुक-घोरेपानी-पुनहिल रहेको छ । पुनहिलमा पुगेर दर्जनौ हिमश्रृंखला हेर्न सकिन्छ । म्याग्दी जिल्लामा रहेको पुनहिल ३ हजार २ सय १० मिटर उचाइमा रहेको छ । अन्नपूर्ण पदमार्ग क्षेत्रको एउटा मुख्य भागको रूपमा रहेको पुनहिलमा ३० वटा होटल छन् । सो क्षेत्रमा एक रातमा ७ हजार पर्यटक राख्न सक्ने क्षमता छ ।

## इलाम



नेपालको पूर्वी क्षेत्रमा रहेको इलामको मुख्य आकर्षण भनेको चिया बगान हो । रमणीय स्थानमा रहेको बगानले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्दै आएको छ । इलाममा चिया बगानको साथै पिकनिक स्पट तथा साइट सिनको लागि आकर्षक स्थान छन् । इलाम जा असोज, कात्तिक, मंसिर तथा फागुन, चैत र वैशाख उपयुक्त मानिन्छ ।




## बर्दिया राष्ट्रिय निकुञ्ज

बर्दिया राष्ट्रिय निकुञ्ज नेपालको मध्य तथा सुदुरपश्चिममा क्षेत्रमा रहेको छ । बर्दिया राष्ट्रिय निकुञ्जले करिब ९६८ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । निकुञ्ज नेपालको पश्चिममा कर्णाली नदीको पूर्वतिरको तराई प्रदेशमा अवस्थित छ । सन् १९६८ मा शाही शिकार आरक्षको रूपमा स्थापना गरिए पनि सन् १९६७ मा करिब ३६८ वर्गकिलोमिटर क्षेत्रफलको उक्त आरक्षणलाई शाही कर्णाली वन्यजन्तु आरक्षको रूपमा घोषणा गरियो । उक्त क्षेत्रमा जानको लागि हवाई तथा सडक दुवै मार्ग प्रयोग गर्न सकिन्छ । हवाई मार्गमार्फत जान काठमाडौंबाट नेपालगन्जको उडानमा जानुपर्ने हुन्छ । विशेषतः यस पर्यटकीय क्षेत्र बाघ अवलोकन गर्नका लागि उपयुक्त मानिन्छ ।



## कोशी टप्पु

कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्रलाई लोन्ली प्लानेटले चरा अवलोकनको लागि उत्कृष्ट गन्तव्य भएको उल्लेख गरेको छ । १ सय ७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको कोशीटप्पु सुनसरी, सप्तरी र उदयपुर जिल्लामा फैलिएको छ । यस आरक्षमा विभिन्न ४८९ प्रजातिका चरा, २१९ को संख्यामा दुर्लभ अर्ना र दुर्लभ डल्फिनसमेत पाइन्छ । सो क्षेत्र भ्रमण गर्नको लागि पनि पर्यटन व्यवसायीहरूले विभिन्न प्याकेज बिक्री गर्दै आएका छन् ।



## पाथिभरा

ताप्लेजुङ जिल्लामा रहेको पाथिभरा मन्दिर नेपालका साथै भारतका धार्मिक पर्यटकमाझ पनि चर्चित छ । यो मन्दिरमा वर्षेनि लाखौं भक्तजन दर्शन गर्न आउने गर्छन् । पाथिभरा मन्दिर समुद्री सतहबाट ३ हजार ७ सय ९४ मिटर उाचाइमा छ । कुम्भकर्ण हिमाल हेर्न पनि पाथिभरा उपयुक्त गन्तव्य हो । असोज-कात्तिक महिनामा मौसम सफा हुने भएकाले पनि यतिबेला हिमाल हेर्ने उपयुक्त समय हो ।

प्रेरक

## राजकुमारको परीक्षा-२

दस वर्षपछि गुरुकुलको शिक्षा सिद्धियो। दीक्षान्त समारोहपछि आचार्य सदानन्दले चारजना राजकुमारबाहेक अन्य शिष्यलाई आआफ्नो घर जान आदेश दिए। "गुरुदेव ! हजुरले अरू शिष्यलाई त घर जान दिनुभयो तर हामीलाई किन जान दिनुभएन ? के हाम्रो शिक्षा पूरा भएको छैन ?" जेठो राजकुमार सुविक्रमले आचार्यसँग सोधे।

"तिमीहरू राजकुमार हौ, त्यत्तिकै जान सुहाउँदैन। त्यसैले तिम्रो बुबा महाराजालाई तिमीहरूलाई लैजान रथ पठाउन सन्देश पठाएको थिएँ, रथ आउँदै होला। अँ तिमीले शिक्षा पूरा भए-नभएको सोध्यौ। शिक्षा त कहिल्यै कसैको पूरा हुँदैन। जीवनभर चलिरहन्छ। गुरुकुलको शिक्षापछि तिम्रो सामाजिक, परिवारिक एवम् राजनीतिक शिक्षा सुरु हुन्छ।"

अपराह्नसम्म पनि राजप्रासादबाट रथ नआएपछि हतारिएका राजकुमारहरूले आचार्यसँग फेरि घर जान आज्ञा मागे। राजकुमारहरूको छटपटी देखेर आचार्यले आज्ञा दिए। राजकुमारहरू आचार्यलाई ढोगेर आशीर्वाद लिई बिदा भए।

गुरुकुल जङ्गलको बीचमा थियो। बाटो साँघुरो र झाडीले ढाकेको थियो। बाटामा एउटा काँडैकाँडा भएको ठूलो झिक्रो भेटियो। जेठो राजकुमार सुविक्रम भाइहरूलाई सतर्क गराउँदै फड्केर अघि बढ्यो। माइलो र साइलो भाइले पनि जेठो दाजुले गरेजस्तै गरे। तर कान्छो भाइ राजकुमार शाश्वत भने त्यो काँडे झिक्रो बाटोबाट पन्साउन थाल्यो। त्यो देखेर अन्य राजकुमारले रात पर्न लाग्यो शाश्वत छिटो आऊ, झिक्रो पन्साउनतिर नलाग भने। शाश्वतले भने– "रात पर्न लागेको भएर नै यो झिक्रो हटाउनुपर्छ किनभने हामीजस्तै अँध्यारामा हिँड्ने बटुवा यस झिक्रोमा अल्झेर नलडोस्।" झिक्रो पन्साएर शाश्वत आफूलाई पर्खिरहेका दाजुहरू भए ठाउँ पुग्यो।

त्यही ढुङ्गाको आडमा लुकेर बसेका आचार्य बाटामा निस्किए। उनले राजकुमार शाश्वतलाई– "स्याबास ! तिमी अन्तिम परीक्षामा सफल भयौ" भनेर आशीर्वाद दिए। गुरुले शाश्वतलाई ढाढस दिँदै भने– "मैले नै तिमीहरूको परीक्षा लिन त्यो झिक्रो बाटोमा राखेको थिएँ। आफ्नो मात्र नभई अरूको भलो चिताउनु मनुष्यको कर्तव्य हो। यही तिमीहरूको अन्तिम परीक्षा थियो। यस परीक्षामा तिमी सफल भयौ। शाश्वत तिमी घर जान सक्छौ जाऊ ! अरू तीन भाइले भने मसँग केही दिन बिताउनुपर्छ।"

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ होला। साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ।

### वृष
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। महत्त्वाकांक्षाले लक्ष्यमा पुर्‍याउन सक्छ, कर्तव्यपरायण रहनुहोला।

### मिथुन
चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुनसक्छ। सामाजिक कामको जिम्मेवारी बढ्नेछ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला।

### कर्कट
अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

### सिंह
स्वास्थ्य कमजोर देखिए पनि रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ। विभिन्न सहयोग र उपहार हातलागी हुनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ।

### कन्या
भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पुरुषार्थद्वारा प्रशस्त लाभ उठाउन सकिनेछ।

### तुला
अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। समयको गतिलाई पछ्याउन नसक्दा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ।

### वृश्चिक
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला। बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन्। साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला। हडबडीले समस्या निम्त्याउन सक्छ।

### धनु
सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। प्रतिस्पर्धीहरू पछि पर्नेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

### मकर
वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ। तर अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। गोपनीयतामा ध्यान पुर्‍याउँदै शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला।

### कुम्भ
अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ। तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा लिन सकिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। मिहिनेतले नाम र दाम दिलाउनेछ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

### मीन
करकापमा परी काममा जुट्नुपर्ने वा विशेष निर्णय लिनुपर्ने परिस्थिति आउन सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। छर-छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुपर्ला। आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला। प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ।

## "पसिना" को शीर्ष गीत सार्वजनिक

वैशाख २७ गतेलाई प्रदर्शन मिति तय गरिएको चलचित्र 'पसिना' को शीर्ष गीत सार्वजनिक गरिएको छ। चलचित्रको मुख्य भूमिकामा नायक गौरव पहारी र नायिका अनु शाहले काम गरेपनि यो गीतको भिडियोमा भने नायिका छुल्टिम गुरुङलाई फिचरिङ गरिएको छ। 'सुनैको दरबार' बोलको गीतमा मिना निरौलाको स्वर समावेश छ। गीतमा दिपक शर्माको संगीत छ भने निर्देशक आर.बी.के खत्रीको शब्द छ। निरज कँडेलको छायांकन रहेको गीतको भिडियोमा भरत रेग्मीको सम्पादन छ। यो चलचित्रले पसिनाका लागि राम्रो मनले कर्म गर भन्ने कथालाई उठान गरेको छ। चलचित्रमा सरोज खनाल, सरोज अर्याल, रवि गिरी, ध्रुव कोइराला लगायतका कलाकारको मुख्य भूमिका छ। सञ्जय महत्तो कार्यकारी निर्माता रहेको चलचित्रमा शान्ता ढकालको लगानी छ।

## उपासनालाई अर्को चलचित्रको अफर

नायक अनमोल केसीसँग चलचित्र 'क्याप्टेन' मा जोडी बाँधेर प्रशंसा कमाइरहेकी नायिका उपासना सिंह ठकुरीको चलचित्र क्षेत्रमा भाग्य खुल्ने देखिएको छ। यो चलचित्रमा उनले गरेको कामको अहिले सर्वत्र प्रशंसा भैरहेको छ। चलचित्रमा गाउँमा हुर्किएर काठमाण्डौसम्म आइपुगेकी एक युवतीको भूमिकामा काम गरेकी उपासनाको अभिनय, प्रस्तुती सबै उत्कृष्ट छ। यो चलचित्रबाट उनले सम्भावना पनि देखाएकी छिन्।

यसैविच, 'क्याप्टेन'मा काम गरेकी नायिका उपासनालाई अर्को एक चलचित्रबाट अफर आएको छ। नायिका ठकुरीलाई रामबाबु गुरुङले निर्देशन गर्न लागेको चलचित्र 'कबड्डी ३'बाट अफर आएको छ। चलचित्र 'क्याप्टेन'को ट्रेलर सार्वजनिक भएसँगै उनलाई रामबाबुले नायिकाको रुपमा अफर गरेका थिए। उपासनाले भने 'क्याप्टेन'को प्रतिक्रिया पश्चात आफूले गर्ने वा नगर्ने भन्ने निर्णय लिने बताएकी थिइन्। तर, 'क्याप्टेन'मा उपासनाको कामको प्रशंसा भैरहँदा अब उनले यो चलचित्र खेल्ने संभावना प्रबल छ। बुझिएअनुसार, उपासनाले केही दिनमै यो चलचित्रमा संझौता गर्नेछिन्। यो चलचित्रका लागि नायक दयाहाङ राई फाइनल भैसकेका छन्। नायक प्रदिप खड्कासँग पनि कुरा भैरहेको छ। प्रदिपले पनि चलचित्रमा संझौता गर्न मात्र बाँकी छ। यसैले पनि नायक अनमोल केसीविच उपासनाले दयाहाङ र प्रदिपसँग जोडी बाध्ने संभावना बढेको छ।

## "क्याप्टेन" को व्यापार बढ्यो

'ऐश्वर्य' फेम्ड निर्देशक दीवाकर भट्टराईको एक्सन-कटमा तयार भएको सुपरस्टार अनमोल केसी अभिनीत फिल्म 'क्याप्टेन' ले हलमा प्रदर्शनको तीन दिन पूरा गरेको छ। सोमवारबाट चौथो दिनमा छ। पहिलो दिन (शुक्रवार) ओपनिङ सो औसत रहेपनि दिउँसो २ बजेबाट फिल्मले पिकअप लिएको थियो। शनिबारको बक्सअफिस भने आक्रामक रह्यो। दुई दिन हलमा अनमोलको गजबको स्टारडम देखिएको थियो।

महाशिवरात्रीको विदालाई मध्यनजर गर्दै प्रदर्शनमा उत्रिएको फिल्मले आइतबार पनि राम्रो विजनेश गरेको छ। वितरक मनोज राठीले फिल्मको विकेन्ड कलेक्सन अर्थात् तीन दिनको कलेक्सन रिपोर्ट फिल्मीखबरलाई बताएका छन्। फिल्मले तीन दिनमा २ करोड ४० लाख ग्रस कमाई गरेको उनले बताए। उनका अनुसार, यो कलेक्सन यस वर्षको 'छक्का पञ्जा ३' पछिकै सर्वाधिक हो।

देशैभर पहिलो दिन ६५ लाख कमाएको फिल्म 'क्याप्टेन' ले दोस्रो दिन (शनिबार) पहिलो दिनको तुलनामा दोब्बर कलेक्सन गरेको छ। शनिबार फिल्मले १ करोड २५ लाख छापेको छ भने तेस्रो दिन (आइतबार) ५० लाखको व्यापार गरेको राठीले बताए। सोमवार पनि फिल्मले करोडको आसपास कमाई गर्ने उनको अनुमान छ। फिल्मको व्यापार उपत्यका र मोफसल दुबैतिर राम्रो रहेको उनी बताउँछन्।

## पुरानो बुलेट चैतबाट

चलचित्र 'वन वे'बाट नेपाली चलचित्र क्षेत्रमा प्रवेश गरेकी नायिका माला लिम्बुलाई करिअर अगाडि बढाउन नै धौ-धौ छ। चलचित्रमा खासै जम्न नसकेपछि म्युजिक भिडियोमा नै बोल्ड बनिरहेकी माला अभिनित चलचित्र 'पुरानो बुलेट' चैत्र १ गतेबाट रिलिज हुँदैछ। माला लिम्बुको करिअर खासै नफक्रिएको अवस्थामा उनको प्रेम भने फक्रिरहेको खुलेको छ। माला लिम्बु विगत ६ बर्षदेखि एक यूवाको प्रेममा छिन्। माला आफैले गरेको खुलासामा उनी दिवस श्रेष्ठ नामक युवकको प्रेममा छिन्। दिवस नायक अनुप विक्रम शाहीका साथी पनि हुन्।

दिवसको सामाजिक संजाललाई हेर्ने हो भने उनी मालालाई खुबै प्रेम गर्छन्। माला अभिनित चलचित्रको प्रचार सामाग्री शेयर गर्दै उनले 'आफ्नो प्यारी र नजिककी माला' भनेर पनि उल्लेख गरेका छन्। मालको जन्मदिनमा पनि दिवसको उपस्थिती विशेष रहेको फेसबुकमा देख्न सकिन्छ।

*अनलाइनहरुबाट*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extrinsic = गुदी नभएको, कम महत्वको As the testimonies were extrinsic, the judge did not admit them (प्रमाणहरू महत्वहीन भएको हुँदा न्यायाधीसले त्यसलाई स्वीकारेनन्)

Frigid = अति नै चिसो As Alaska is frigid zone, there are not much activities compared to any other zones of the earth (अलास्कामा ज्यादै चिसो हुने भएको हुँदा पृथ्वीको अरू ठाउँमा जस्तो त्यहाँ धेरै क्रियाकलाप हुँदैनन्)

Granulate=अन्नाकार बनाउनु Granulated sugar dissolves easily than lump sugar (ढिक्का चिनीभन्दा अन्नाकारको चिनी सजिलै पग्लन्छ)

Hinterland = धेरै आवतजावत नहुने परको ठाउँ As they live in hinterland, they have seldom visitors तिनीहरू परको ठाउँमा बस्ने हुँदा तिनीहरूकहाँ पाहुना प्राय हुँदैनन् )

Hamstring = भाजो हाल्नु To hamstring other's effort to progress is not a good thing अरूले गर्न लागेको प्रगतिको प्रयत्नमा भाँजो हाल्नु राम्रो कुरा होइन )

Insensible = मतलव नदेखाउने As he is suffering from chronic disease, all of his family members are insensible thereto (ऊ कहिले निको नहुने रोगबाट ग्रसित भएको हुँदा उसका परिवारका सदस्यहरूले उसको रोगप्रति त्यति मतलव देखाउँदैनन्)


Log = दैनिक क्रियाकलाप वा घटनाको सूची, सूचीकरण गर्नु The works that have been completed by me has been logged in the computer (मद्वारा सम्पादित कामहरू सबै कम्प्युटरमा सूचीकरण भएका छन् )

Muddle= भ्रम सृजना गर्ने खालको I find his thought quite muddling (मलाई उसका विचारधारा भ्रमपूर्ण लाग्छन्)

Nepotism = नातावाद Hari resigned from his position as he knew the basis of promotion was not ability rather nepotism (नातावादको आधारमा बढुवा हुने कुरा थाहा पाएर उसले जागिरबाट राजिनामा दियो )

Orthodox = कट्टरवादी Principally, he is orthodox but he is practical while dealing with people (सिद्धान्तमा कट्टरवादी भए तापनि जनसर्म्पकमा ऊ व्यावहारिक छ )

## हेलिकप्टर दुर्घटनाको भविष्यवाणी गर्ने ज्योतिष



काठमाडौं। हेलिकप्टर दुर्घटनामा परी बहालवाला मन्त्रीलगायतको मृत्यु भएको शोकमा देश परेको छ। कुनै अप्रत्यासित दुर्घटना हुनसक्ने संकेत चर्चित ज्यो. दीपक सुवेदीले डेढ-दुई महिनाअघि नै गरेको समाचार प्राप्त भएको छ।

सिद्ध भविष्यवाणी गर्न सफल भएका ज्यो. दीपक सुवेदीले फागुनको दोस्रो हप्तामा केही ग्रहले स्थान परिवर्तन गर्दै गरेको आदि कुराको चर्चा गर्दै एयरपोर्ट वा निश्चित ठाऊँ नै भन्न मिल्दैन तर आकस्मिक अथवा अप्रत्यासित घटना दुर्घटना घट्नसक्ने बताउनु भएको थियो। ज्यो.सुवेदीले अप्रत्यासित स्थिति सृजना वा घटनालाई ग्रहले स्पष्टरुपमा संकेत गरेको भन्दै दुर्घटनाको समेत संकेत गर्नु भएको रहेछ।

संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रीलगायतको ज्यान जाने गरी भएको हेलिकप्टर दुर्घटनाले दीपक सुवेदीको 'एयरपोर्ट नै भन्ने हुन्न कुनै पनि ठाऊँमा कुनै पनि प्रकारको दुर्घटना घट्न सक्छ' भन्नु भएको कुरालाई याद गराएको छ। समाजमा सबै ज्योतिषी फड छैनन्, राम्रोसँग ज्योतिष विज्ञानको अध्ययन अनुसन्धान तथा अनुभव गरेका विज्ञ पनि छन्। हुनसक्ने घटना तथा दुर्घटनाको पूर्वानुमान गर्ने ज्योतिष विज्ञानको मार्गदर्शनलाई आत्मसात गरी यसको संरक्षण एवं वैज्ञानिक व्यवहारको लागि सम्बन्धित निकायले ध्यान दिई नागरिकलाई यसबाट हुने लाभ एवं जानकारीबाट सुसूचित गर्न जरुरी छ। ज्यो. सुवेदीले न्यूज २४, भक्तिदर्शन हुँदै हाल हेल्थ टेलिभिजनमा भविष्य निर्माण कार्यक्रम पनि चलाउनु हुन्छ।

भनिन्छ राजा विरेन्द्रको मृत्युको भविष्यवाणी गर्नुभएका ज्यो. दीपक सुवेदीले पहिलो संविधानसभा र त्यतिबेलाको राजनीतिक संयन्त्रले कुनै पनि निकास नदिने लगायतका अनौठा भविष्यवाणी गर्ने गर्नुभएको थियो। जुन भविष्यवाणीहरु सिद्ध भएका थिए। उहाँले अरु पनि केही राष्ट्रिय केही भविष्यवाणी गर्नु भएको छ। ज्यो. सुवेदीले अप्रत्यासित दुर्घटनाको संभावना बताउँदै आउनु भएको छ, त्यसलाई कसले ध्यान दिने ? घटना घटिसकेपछि सबै पछुताउने गर्छौं तर पूर्वसावधानीतर्फ खासै वास्ता गर्दैनौं।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make somebody out = स्वभाव बुझ्नु She is quite strange I can not make her out easily तिनी अनौठो कि छिन, म तिनको स्वभाव सजिलै बुझ्नै सक्तिन।

Make something out = पढ्न सक्नु Her hand writing is so clear that everyone can make easily out उनको हस्तलेखन यति सफा छ कि जोकोहीले सजिलै पढ्न सक्छन्।

Make something out = लेख्नु Making out a prescription by a doctor is normal औषधी यो खाउ भनेर लेख्नु डाक्टरको नियमित कामभित्रै पर्छ।

Make oneself out = मपाइँ भन्नु He always makes himself out to be most intelligent ऊ आफू जस्तो जेहन्दार कोही छैन भन्ठान्छ।

Make something over into something = परिणत गर्नु He made his basement over into a workshop उसले आफ्नो छिडीलाई कारखानामा परिणत गर्‍यो।

Make something over to somebody = सुम्पनु The ailing father made his property over to the eldest son बिरामी बाबुले आफ्नो पुरै सम्पत्ती जेठो छोरालाई सुम्पियो।

Make up = सिंगार पार्नु She makes up in such a way that no body believes that she is above fifty तिनीले यसरी सिंगार पार्छिन् कि कसैले पनि तिनलाई ५० वर्ष कटेको भन्दैन।

Make something up of = ले बनाउनु People make up their house here mostly of timber यहाँ मानिसले आफ्नो घर धेरैजसो काठले बनाउँछन्।

Make up = बनाउनु They made up a bed for me on the sofa तिनीहरुले मलाई सोफामै ओछ्यान बनाइदिए।

## सुडोकु-अंक १४१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | | | | | | |
| ६ | | ९ | ४ | | | | | ७ |
| ७ | ८ | | | ६ | | ४ | १ | |
| ४ | | | ६ | ९ | | | | ५ |
| | | | | ४ | | | | |
| २ | | | | ५ | १ | | | ४ |
| | ९ | ६ | | ३ | | | २ | १ |
| ८ | | | | | २ | ५ | | ६ |
| | | | | | | ७ | | |

## अंक १४० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ८ | ९ | ७ | ५ | २ | ६ | ३ |
| ५ | २ | ६ | ३ | १ | ८ | ४ | ७ | ९ |
| ३ | ७ | ९ | ४ | ६ | २ | ८ | १ | ५ |
| २ | ६ | ४ | १ | ३ | ९ | ५ | ८ | ७ |
| ९ | ३ | ७ | ५ | ८ | ६ | १ | २ | ४ |
| ८ | १ | ५ | २ | ४ | ७ | ९ | ३ | ६ |
| ६ | ५ | २ | ८ | ९ | ३ | ७ | ४ | १ |
| ७ | ८ | १ | ६ | ५ | ४ | ३ | ९ | २ |
| ४ | ९ | ३ | ७ | २ | १ | ६ | ५ | ८ |

# के हो GI र TRIP भनेको ?

GI (Geographical Indication) नेपालीमा भन्दा भौगोलिक सूचक र TRIP (Trade Related Intellectual Property) नेपालीभन्दा व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति भन्ने जनाउछ । GI कुनै पनि उत्पादित वस्तु दिइएको नाम वा चिन्ह हो जसबाट त्यो वस्तु कुन भौगोलिक क्षेत्र (देश, शहर, प्रान्त) आदिमा उत्पादन भएको हो भन्ने प्रमाणीकरण गर्दछ । यसरी प्रमाणीकरण गर्दा त्यो वस्तुको निश्चित हुनैपर्ने गुणात्मक स्तर, कुन परम्परागत विधि वा सीपबाट बनाइएको र भोगौलिक क्षेत्रगत उत्पादन भएको आधारमा त्यस वस्तुको महत्व किन छ भन्ने कुरा जनाउँछ र त्यसैको आधारमा त्यस्ता वस्तु बौद्धिक सम्पत्तिको अधिकारअन्तर्गत दर्ता भएपछि विश्व बजारमा त्यस बस्तुको कानुनी मान्यता स्थापित हुन्छ । त्यस्तै वस्तु अन्य देशले उत्पादन गरेमा न त त्यस्ता वस्तु पुनः दर्ता हुन्छ न त त्यस्ता वस्तुले विश्व बजारमा प्रवेश पाउँछ ।

विश्व व्यापार संगठन (WTO) मा सदस्यता लिएका हरेक राष्ट्रले GI अन्तर्गत आफ्नो देशमा उत्पादन हुने वस्तुलाई बौद्धिक सम्पत्तिको रुपमा WTO मा दर्ता गर्नुपर्ने हुन्छ अनि मात्रै त्यस वस्तुले अरु WTO मा सदस्यता लिएका देशको बजारमा प्रवेश पाउँछ ।

अर्काको देश भन्नाले अर्कै भौगोलिक क्षेत्रमा उत्पादन भएका वस्तुलाई आफ्नो देशमा उत्पादन भएको झूटो प्रमाण पेश गरेर निकासी गर्ने अनियमित प्रवृत्तिलाई रोक्न GI र TRIP को व्यवस्था गरिएको हो ।

ऐतिहासिक कालदेखि नै विभिन्न देशका सरकारहरुले आफ्ना विशेष क्षेत्रमा उत्पादन भएका खाद्यवस्तुलाई संरक्षण गर्दै आएका हुन् । त्यसो गर्दा उनीहरुले त्यस्ता वस्तुहरु उनीहरुको देशको कुन विशेष भौगोलिक क्षेत्रमा कहिलेदेखि उत्पादन हुँदै आएको हो, त्यसको निश्चित गुणात्मक स्तर के हो अनि किन तिनीहरुको संरक्षण हुनुपर्छ भन्ने जस्ता कुराहरु उल्लेख गरी निकासी ब्यापार गर्दै आएका हुन् । यसको मुख्य कारण त्यस्ता वस्तुका उत्पादक र त्यस्ता वस्तुहरु उपभोग गर्ने दुवैको हक स्थापित होस भनेर निकासी ब्यापारमा यो संस्कार स्थापित हुँदै आएको थियो । वस्तुको भौगोलिक पहिचान र महत्व जनाउन उत्पादन गर्ने देशले COR (Certificate of Origin) जारी गरी सरकारी छाप लगाई प्रमाणीकरण गर्ने गरिन्थ्यो । यसरी प्रमाणीकरण गरी प्रमाणपत्र जारी गर्दा त्यस्तो संरक्षण गरिएको वस्तुको मौलिक ढाँचा Protected designation of origin (PDO), त्यस्तो वस्तु उत्पादन हुने भौगोलिक क्षेत्र protected geographical indication (PGI) अनि ग्यारेन्टी गरिएको त्यस वस्तुको परम्परागत विशेषता Traditional Specialities Guaranteed (TSG) उल्लेख हुन्थ्यो । तर यस्ता उत्पादनको प्रमाणीकरण गर्ने कार्यलाई युरोपेली आयोगको हकमा सार्वजनिक कानुन (public law), र संयुक्त राज्य अमेरिकाको हकमा निजी कानुनले पनि निर्देशित गरेको अवस्था रहेको छ । दुबै कानुनले प्रभावकारी अनुगमन र गुण नियन्त्रणको आधारमा मात्रै त्यस्ता वस्तुलाई ट्रेडमार्क दिने र त्यसै मार्कलाई सामूहिक रुपमा दर्ता गरेर मात्र बजार प्रवेश गर्न दिने ब्यवहारको विकासमा जोड दियो । पछि पेरिस कन्भेन्सन र लिस्वन एग्रिमेन्टहरुले यस वस्तुको प्रमाणीकरण र त्यसको बजारीकरणलाई संस्थागत गर्न सामूहिक रुपमा विभिन्न निर्णय र सहमतिहरु गरे । जसबाट उत्पादनको भौगोलिक मौलिकता त्यससँग सम्बन्धित उत्पादन, विधि, सीप र गुणस्तरको ग्यारेन्टीको प्रमाणीकरण गर्न GI लाई १४ बुँदामा ब्याख्या गरियो अनि त्यसैसाथ विश्वास पनि गरियो कि यस सहमतिले कुनै पनि देशलाई अप्ठेरो पार्ने पनि छैन र निकासी ब्यापार पारदर्शी भई उत्पादक र उपभोगकर्ताको हित संरक्षण हुन्छ भन्ने कुरा मानियो । WTO को दोहा राउण्ड छलफलमा GI लाई बाध्यकारी मान्दै यसैलाई कानुनी रुप दिई कडाइसाथ लागू गर्नुपर्छ भन्ने कुरामा युरोपेली आयोग र त्यसलाई त्यति बाध्यकारी मिल्दैन भन्ने कुरामा सयुंक्त राज्य अमेरिका अडिग रहेको कारण GI ले निकास पाएन ।

यस GI र TRIP ले निकाशी ब्यापारमा कस्तो असर पार्छ भन्ने कुरा बुझ्न हामीले आफ्नै देशको परिस्थितिलाई दाँजेर हेर्नुपर्दछ अनि मात्रै यी कुराहरुलाई ब्यवहारमा उतार्न मिल्छ वा मिल्दैन भन्ने कुरा बुझिन्छ । उदाहरणहरु यस्ता छन् :

१) नेपाल र भारत दुवै चिया उत्पादन गर्ने देशहरु हुन् । GI अन्तर्गत भारतको दार्जिलिङ चियाले TRIP लिइसकेको छ । अब नेपालको इलामलगायत अन्य स्थानमा उत्पादन हुने चिया भारतको भन्दा मौलिकता, गुणस्तर, जैविक तथा रासायानिक तत्वमा फरक छ भनेर प्रमाणित गर्न सके मात्र नेपालको चियाले TRIP पाउँछ अन्यथा नेपाली चिया विश्व बजारमा निकासी भएमा भारतले मुद्दा हाल्ने अवस्था आउँछ। त्यसको अर्थ के हुन्छ भने नेपालले आफ्नो वस्तुको लागि TRIP नपाएको अवस्था भारतमा मात्रै निकासी गर्न बाध्य हुनुपर्ने अनि भारतले आफूले पाएको TRIP को आधारमा नेपालबाट आयात भई भारत गएका वस्तुलाई आफ्नै उत्पादन भनी निकासी गर्नुपर्दा नेपालको विदेश ब्यापार भारतको दया र निगाहमा निर्भरपर्ने हुन्छ। नेपालको उत्पादन सस्तोमा किनेर महँगोमा विश्व बजारमा बेची भारत लाभान्वित हुन्छ । चिया त उदाहरण मात्रै हो। यस्ता अन्य उदाहरणमा वासमती चामल, मुसुरोको दाल जडीबुटी फलफूल तरकारी मसला कफी मह लगायत नेपाल र भारतमा उत्पादन हुने सबै वस्तुहरु पर्न आउँछन्। यदि नेपाल आफ्नै उपभोगको लागि त्यस्ता वस्तु उत्पादन गरी आत्मनिर्भर बन्छ भने हामीलाई GI र TRIP ले केही असर पार्दैन तर जब निकासी गर्ने कुरा आउँछ, यी दुवै कुरा आकर्षित हुन्छन्। तसर्थ नेपालले एकै GI अन्तर्गत एकभन्दा बढी देशहरु हुन्छन् तसर्थ TRIP दिँदा भौगोलिक क्षेत्रलाई हेरेर होइन, उत्पादन भएको देशको आधारमा दिनुपर्दछ भनेर जिकिर गर्नुपर्ने हुन्छ ।

२) नेपाल गलैंचा निकासी गर्ने देश रहिआएको छ । विगतमा ३३ लाख वर्गमिटरसम्म निकासी गरेको नेपालको गलैंचा अहिलेका वर्षहरुमा ५ लाख वर्गमिटरको निकासीमा सीमित हुन जानुको पछाडि भारतीयहरुले आफूले उत्पादन गरेको सस्ता गलैंचाको नाम Indo Nepal राखी विश्व बजारमा पुऱ्याएको कारण नेपाली गलैंचा विश्व बजारबाट विस्थापित हुन पुग्यो । यसको विपक्षमा भारतविरुद्ध नेपालले केही पनि गर्न सकेन । किनकी गलैंचाको लागि आउने ऊन नेपाल आफैंले उत्पादन गर्दैन, कि तिब्बतबाट कि न्यूजिलैण्डबाट आयात भइआउँछ । गलैंचाको तान लगाउने सूति धागो पनि नेपाली होइन, गलैंचा रंगाउने रंग पनि नेपाली होइन, बुनकरबाहेक गलैंचा उत्पादनका अन्य प्रक्रियामा संलग्न कामदारहरु पनि नेपाली नहुने गरेको अवस्था छ अनि गलैंचा बुन्ने सीप पनि नेपालको होइन नेपालीले तिब्बती शरणार्थीबाट सिकेका हुन्। नेपाली गलैंचा यसकारणले मात्रै नेपाली हो किनकी त्यो उनी धागो बनाउने बुन्ने प्रक्रियामा नेपाली श्रम, धुने प्रक्रियामा नेपाली पानी प्रयोग भएको छ भने WTO को GI र TRIP नेपाली गलैंचाको उत्पादन र प्रमाणीकरणमा कसरी लागु हुन सक्छ त भन्दा उत्तर सजिलो छ सक्तैन भनेर । यसको सुनुवाइ कहाँ हुने ?


३) पछिल्ला वर्षहरुमा गलैंचाजस्तै नेपाली पश्मिनाले विश्व बजार हल्लायो। यसले त च्यांग्रा पश्मिना भनेर ट्रेडमार्क लिन सकेको अवस्था भएकोले भारतको कास्मिरी सलभन्दा यो फरक भन्ने बुझाइको कारण यसले भौगोलिक पहिचान त कायम गरेको छ तर भोलि अनुसन्धान हुने हो भने नेपाली पश्मिना साँच्चै नेपाली च्यांग्राकै ऊनबाट मात्रै बनेको हो भन्ने प्रमाणित गर्नुपर्ने हुन्छ। जबकी हामीकहाँ च्यांग्रापालनका तथ्यांक कस्तो छ भन्ने कुरा प्रमाणिक रुपमा आएको छैन । दशैंताका मासु खान भनेर स्वदेशी च्यांग्राले नपुगी ठूलो मात्रामा तिब्बतबाट च्यांग्रा आयात गरी खाने गरिन्छ ।


गलैंचा र पश्मिनाका उदाहरणहरु नेपालबाट निकासी हुने हस्तकलाका वस्तुहरुमा पनि लागु हुन सक्छ। तसर्थ GI र TRIP लाई कानुनी रुपमा बाध्यकारी बनाउने अभियानको विपक्षमा नेपालले आफूलाई उभ्याउनु सक्नुपर्छ अन्यथा हामीले कि सबै कुरा भारतमा मात्रै निर्यात गर्नुपर्ने त्यो पनि भारतले भनेको मूल्यमा गर्नुपर्ने कारण नेपालको निकासी ब्यापार कहिले फस्टाउन सक्तैन न त ब्यापार नाफा गरी समृद्धि हासिल गर्ने हाम्रो सपना नै










**International GI protection: WTO/TRIPS Agreement**

- Members obligated to **prevent use of GIs by nonoriginal producers** so as to mislead as to product origin, or constitute competition
- Higher level of protection for **wines, spirits**
- Exceptions:
  (i) GIs used prior to TRIPS Agreement
  (ii) GIs that have become part of common usage

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

"Think Equal, Build Smart, Innovate for Change"
अन्तर्राष्ट्रिय महिला दिवस, २०१९
मार्च ८
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## भाजपा...

क्षेत्रमा बसोबास गर्ने एकतिहाई मानिसको जीवन कठिनसाथ बितिरहेको छ । उनीहरु भीडभाडयुक्त सहरका असुरक्षित र अस्वस्थकर घरमा बसोबास गर्छन् । 'ग्लोबल प्राभर्टी रिपोर्ट २०१८ अनुसार सहारा उपमहाद्विपका ४२ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि छन् । हरेक एक हजार बालबालिकामध्ये ४२ जना ५ वर्ष उमेर नपुग्दै मृत्युवरण गर्छन् । हरेक ३६ जनामध्ये जन्मिएको एक महिनाभित्र मर्छन् । निरपेक्ष गरिबीको रेखाभित्र बाँच्न विवश बालबालिकामध्ये ७५ प्रतिशत सहारा उपमहाद्विपमा र एसियाली क्षेत्रमा छन् । गरिबीको यस्तो भयावह अवस्थाको अन्त्यको नारा लगाएर राजनीति गर्ने क्रम निकै फस्टाएको छ । भारतमा लोकसभा निर्वाचनको पूर्वसन्ध्यामा भाजपा, कांग्रेस दुवैले गरिबी अन्त्यको नारा दिएर मतदातालाई आकर्षित गर्ने जमर्को गरिरहेका छन् ।

सन् २०१४ मा भारतको प्रधानमन्त्रीका रुपमा शपथ लिएका नरेन्द्र मोदीले त्यतिबेलादेखि नै घरेलु राजनीतिमा पकड र छिमेकी देशहरुसँग असल सम्बन्ध स्थापित गर्ने झल्को दिएका थिए । तर मोदी यी दुवै काममा असफल बने । उनले विपक्षीको विश्वास जित्न सकेनन् भने छिमेकीसँगको सम्बन्धमा लगातार दरार उत्पन्न हुँदै गएको अवस्था छ ।

नेपाललाई नाकाबन्दी लगाएर घुँडा टेकाउने मोदी प्रयास असफल मात्रै भएन, नेपाली जनताले उनलाई हेर्ने दृष्टिकोण नै परिवर्तन भयो । पाकिस्तानसँग निहुँ खोजेर युद्ध लड्ने र भारतीय जनताको सहानुभूति प्राप्त गर्ने पछिल्लो उनको प्रयास नाकाम भएको छ । पाकिस्तानी प्रधानमन्त्री इमरान खान बरु विश्व मिडियामा छाएर चर्चित भए । यही बेला अमेरिकाले भारतलाई दिइरहेको व्यापार सहुलियत प्रणाली (जीएसपी) बन्द गर्ने घोषणा गरेको छ । भारतले अमेरिकी सामानको आयातमा उच्च भन्सार लगाउने गरेको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतको वैदेशिक व्यापार नीतिको कडा आलोचना गरेका छन् । मोदीलाई अमेरिकी यो झट्का विपक्षी दलहरुको चुनावी मसला बनेको छ । चीनको महत्वकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटिभमा सहभागी नभएपछि चीन पनि मोदीप्रति सन्तुष्ट छैन ।

मोदीले चुनाव जित्न तीनवटा ओबिसी लक्षित ठूला घोषणा गरेका छन् । पहिलो अन्य पिछडा वर्ग (ओबीसी) आयोगलाई संवैधानिक मान्यता, ओबिसीलाई दुई वा त्योभन्दा बढी भागमा बाँड्नुका लागि गठित रोहिणी आयोगको कार्यकाल बढाउनु र सन् २०२१ को जनगणनामा ओबिसीलाई सामेल गर्नु मोदी मिसन २०१९ सँग सम्बन्धित छन् । एस्सी एसटी एक्टलाई आफ्नो मूल स्वरुपमा बहाल गर्ने र सुप्रिम कोर्टको यसलाई प्रमोशनमा आरक्षणमाथि सुप्रिम कोर्टमा चलिरहेको मुद्दामा एससी एसटीको प्रमोशनमा आरक्षणको वकालत गर्नु जनमतलाई आफूतिर खिच्ने अर्को प्रयासको रुपमा हेरिएको छ ।

भाजपा सरकारमा आएपछि भारतभर दलित आदिबासीको अलग अलग तरिकाले बाहिर आइरहेको छ । रोहित भेसुलादेखि डेन्टा मेघवाल हुँदै सहरानपुरसम्म यो असन्तुष्टि सडकमा पोखिएको छ । दलित आदिबासी भाजपा उम्मेदवारलाई हराउन मोर्चाबन्दी नगरुन् भनेर मोदी सरकार चलाखीपूर्ण ढंगले हेरिरहेको छ । एससी र एसटी भारतको करिब २५.२ प्रतिशत भोटर हुन् । मुस्लिम समुदायपछि यी समुदायमा पनि भाजपाप्रति मोहभंग भएमा भाजपाको कद घट्ने निश्चित छ । जनगणनामा एससी र एसटीको जस्तै बाँकी जातिहरुको पनि गणना गर्ने र उनीहरुको तथ्यांक संकलन गर्ने माग पनि भइरहेको छ । भाजपाले आंशिक रुपमा यो माग पूरा गर्नका लागि ओबिसी गणनाको माग स्वीकार गरेको छ । भारतमा लामो समयदेखि विभिन्न सामाजिक आन्दोलनहरु चल्दै आएका छन् । पिछडिएका जाति र वर्गले त्यहाँको राज्य संयन्त्रमा आफूहरुको भूमिका खोज्दै संघर्ष गर्दै आइरहेका छन् ।

विपक्षीप्रतिको आक्रमक नीति भनौं या पाँचजना लेखक एवं मानव अधिकारकर्मीको पक्राउ लगायतका घटनाक्रमले मोदी सरकारको कद भने निकै होचिएको छ । मोदीको लोकप्रियतामा पहिलेको भन्दा कमी आएको छ । भारतीय राजनीतिमा कमजोर शक्तिकै रुपमा रहेको भाजपाको प्रभाव सन् १९८६ मा सुरु भएको राम मन्दिर आन्दोलनबाट बढेको हो । सेमिफाइनलका रुपमा हेरिएको राजस्थान, छत्तीसगढ, मध्यप्रदेशको मिजोरम र तेलंगनामा भाजपाको पराजयले आगामी लोकसभा निर्वाचन उसका लागि फलामको चिउरा बन्ने देखिएको छ ।

## झुकेन...

आज नेपाली सेनाले आफ्नो गौरवमय इतिहासको सम्झना गर्नैपर्छ । झण्डै चारसय पचास वर्ष पुरानो अखण्ड, अविराम यात्रा पूरा गरेको छ यसले । नेपालको एकीकरण हुनुभन्दा पहिलेदेखि अस्तित्वमा रहेको नेपाली सेना राष्ट्रको पहरेदार हो भन्ने कुरा स्वदेशी-विदेशी विद्वानहरुले समेत स्वीकार गरेका छन् । कर्कप्याट्रिक, ह्यामिल्टन, सिल्भाँ लेवी, डानियल राइटदेखि लिएर इतिहासकार बाबुराम आचार्य, नयराज पन्त, सूर्यविक्रम ज्ञवाली, डिल्लीरमरण रेग्मी, वालचन्द्र शर्मा, पुरुषोत्तम शमशेरलगायतका धेरै विद्वानहरुले नेपाली सेनाको वस्तुपरक मूल्यांकन गर्दै नेपाली सेनाले नेपालको एकीकरण, प्रजातन्त्रिकरण र आधुनिकीकरणका प्रत्येक अध्यायमा अनुपम योगदान गरेको बताएका छन् । स्थानाभावले ती सबै शब्दहरु यहाँ उद्धृत गर्न सम्भव छैन तर विद्वानहरुको तर्क छ - सेनाले जागिर मात्र खाएन, राष्ट्रको संरक्षण, सम्वर्द्धन र सम्पोषणमा मन, वचन र कर्मले आफूलाई समर्पित गर्‍यो । बंगालका नबाब सिराज उद्दौलालाई उनकै प्रधानसेनापति मीरजाफरले धोका दिएर राष्ट्रघात गरेझै वा संकटकालमा दायित्वबाट भागेर कर्तव्यच्युत ठहरिएका कपितय असफल राज्यका भ्रष्ट सेनाझै नेपाली सेना कहिले पनि कर्तव्यबाट विमुख भएन । सरकारको आदेशमा संचालन हुने भएकाले आज्ञा र आदेश शिरोधार्य गर्दै नेपाली सेना राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानका पक्षमा सधै सतीसालको वृक्ष जस्तो उभिइ रह्यो ।

जर्मन सेनापति केजरले एकपल्ट भनेका थिए -"मेरा सैनिकहरु कसैसँग डराउँदैनन् तर गोर्खाली सेनाको नाम सुन्नासाथ म हतप्रभ हुने गर्छु र मेरो मुटु थर्किन्छ ।" शौर्य, साहस, स्वाभिमान र कर्तव्यवोधका कारण नेपाली सेना विश्वमै प्रसिद्ध छ । सन् १९७० को दशकदेखि आजसम्म नेपाली सेनाले विभिन्न द्वन्द्वग्रस्त देशमा गएर शान्ति स्थापना गर्ने काममा संयुक्त राष्ट्रसंघलाई अप्रतीम योगदान गर्दै आएको छ । अन्तर्राष्ट्रिय प्रेसजगत, राष्ट्रसंघ र विश्वप्रसिद्ध व्यक्तित्वहरुले त्यसको मुक्तकण्ठले तारिफ गरेका छन् । स्वदेशमा पनि जब बाढी, पहिरो, भूकम्पलगायतका प्राकृतिक संकटहरु आउँछन्, त्यतिबेला जनताको सेवा र परोपकारमा नेपाली सेना नै अघि सर्छ । सहज अवस्था होस् वा संकटकाल, जहिले पनि सेनाले संयम अपनाउँदै कर्तव्यपालना गरेको छ । मानव अधिकार, प्रजातन्त्र, मानवीय संवेदना र राष्ट्रका यावत मूल्यमान्यताको सम्मान गर्दै सेनाले आफूलाई अविचलित ढंगले राष्ट्र र जनताप्रति समर्पित गरेको छ । अज्ञानतावश, नेपाली सेनापति आक्रामक र असभ्य भाषा प्रयोग गर्नेहरुप्रति पनि सेनाले कहिल्यै पूर्वाग्रह राखेको देखिदैन ।

यति हुँदाहुँदै पनि नेपाली सेनाका विरुद्ध पटकपटक षडयन्त्र भइरहेको आभाष पाउने गरिएको छ । त्यसैले केही वर्षयता नेपाली सेनाका सामु धर्म संकट देखिएको छ । 'सरकारको आदेश अक्षरश: पालन गर्ने' नेपाली सेनाले सरकारको कस्तो आदेश पालना गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने बेला आएको छ । राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाउने र नेपाली सेनाको मर्यादा, परम्परा र एकता विखण्डित पार्ने निर्णय सरकारले गर्‍यो भने त्यसले सेनाले पालन गर्ने कि नगर्ने ? यो प्रश्न जटिल मात्र होइन, विचारणीय पनि छ । नेपाली राष्ट्रियता र स्वाभिमानका आधारहरु विस्तारै धरासायी हुँदै गएकोमा सेना चिन्तित देखिन्छ । नेपाली-नेपालीलाई जात, धर्म, क्षेत्र र सम्प्रदायका आधारमा विभाजित गराएर नेपाललाई कमजोर पार्न खोजिदा पनि नेपाली सेना अनुशासनकै घेराभित्र धैर्यशाली भएर बसेको देखिन्छ ।

नेपाली सेनाले सरकारका सवै आदेशहरु पालना गर्दै जाने हो भने नेपाली सेना कमजोर हुने अवस्था आउन सक्छ । तसर्थ 'सेनाले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र सार्वभौमसत्ताका साथै नेपाली सेनाको अस्तित्व, अखण्डता र एकतामा खलल पर्ने बाहेक अरु कुरामा मात्रै सम्झौता गर्न सक्ने अवस्था देखिएको छ । यदि त्यस्तो साहस गर्न सकेन भने राष्ट्रवादका अरु आधारहरु धरासायी भए जस्तै नेपाली सेनाको अस्तित्वमा पनि प्रश्नचिन्ह लाग्न सक्छ । सेना अविचलित, अनुशासित, कर्तव्यपरायण, एकतावद्ध, अखण्ड र मर्यादित रहे मात्र त्यो देशको अस्तित्व सुरक्षित रहन्छ । विश्वमै कहलिएको नेपाली सेनालाई विचलित तुल्याएर नेपालको सार्वभौमसत्ता, एकता र अखण्डता सुरक्षित रहन सक्दैन । सेनाका आफ्नै मापदण्ड, मर्यादा र परम्परा हुन्छन् । तर त्यसका विरुद्ध नेपाली सेनामा राजनीतिक, जातीय वा साम्प्रदायिक समूहलाई प्रवेश गराउने कुरा नेपाली सेनाको हितमा देखिदैन । यस्ता कुरामा सेना सतर्क हुनैपर्ने अवस्था आएको छ ।

राणा शासनविरुद्ध भएको क्रान्तिमा कवि गोपालप्रसाद रिमाल लगायतका युवाहरुले एउटा गीत गाउने गर्थे - जसको आशय थियो नेपालको राष्ट्रिय झण्डा र सेनाका जंगी निशान सधैं अटल रहनुपर्छ । कहिल्यै नझुकेको यो हाम्रो झण्डा सधैं फर्फराइ रहनुपर्छ । नेपाली सेना कहिल्यै नझुक्ने र नटुट्ने भएकाले यसको अस्तित्वसँगै नेपाली राष्ट्रिय स्वाभिमानको इतिहास जोडिएको यथार्थलाई हामी सबैले आत्मसाथ गर्नैपर्छ । यो इतिहासले प्रमाणित गरेको ध्रुवसत्य हो ।

यात्रा संस्मरण/खोमदत्त बराल

# मथुरा वृन्दावन यात्रा-३

२०६८/१/१ यति बेला ८.३० बजेको छ । escort अस्पताल आइपुगियो काउन्टरमा कोही छैन । यो first floor को छुट्टै सेवा रहेछ । पहिलोले basement मा पठायो । बेसमेन्टले first floor मा तीन ठाउँमा सोधेपछि D.R. cler र प्रविर अग्रवाल हरु जो जो काठमाण्डौं बाट नै यादब भट्टले मेल गरेर समेत लिइ दिएको थियो । डाक्टरहरु त आएकै छैनन् । काउन्टरमा पनि कोहि आएको छैन । उमाजी र म पर्खदै छौं । राजीब गान्धी अस्पताल नजिक बाट गाडी नं ९८४ को एउटा गाडीले all India institute of medical sciences तिर उक्त गाडिले छोडिदियो । त्यहाँ बाट एउटा अटो रिक्सा टिपेर इष्कर्ट अस्पताल आइ पुगिएको छ । नाम रजिष्टर्ड गर्ने काम सकियो । छ सय रुपैया बुझाइएको छ । सायद मादब भट्टले देखाएको, लेखाएको डा. प्रवीर अग्रवालले हेर्नु हन्छ होला । निजको मानिसले नाम दर्ता गर्दा देखि नै पिछा गरेका छन् । गाइड गरेका छन् । यति बेला धेरै जना बिरामीहरु प्रवीर अग्रवाललाई पर्खेर बसेका छन् । पर्खाइ कोठा ठूलै छ । करिब दश जना जति पर्खने मानिस छन् । हामी जस्तै मात्रै भए दुइमा एक जना बिरामी भएका चार जना पछि हाम्रो पालो छ । पर्खाइको निरन्तरता नमज्जा नै हुन्छ । नतिजा सकारत्मक हुन्छ भने पर्खाइको क्षणलाई रसयुक्त मान्ने गरिन्छ । तै पनि पर्खाइको क्षण भने निरासिलो उराठलाग्दो पट्यार लाग्दो नै हुन्छ ।

एमसबाट ईस्कर्ट अस्पताल सम्म त्यति टाढा रहेनछ । एकसय बीस रुपैया दाबी गर्ने अटो रिक्साको एक सय मात्र लियो । बाटो मजाको रहेछ । काठमाण्डौं को जस्तो खाल्डा खुल्डी र पानी जमेको ठाउँ कतै भेटिएन । छ सात लेनको बाटो वरिपरि जेरै जसो ठाउँमा जंगलै जंगल, रुख बिरुवा प्रशस्त, यातायात शेवा उच्च कोटिको कोही चढुन या ओर्लुन ड्राइभर कन्डक्टरलाई कुनै चासो नै नहुने भिडभाड कतै नभएको स्टेसनमा गाडि रोकिन्छ । प्यासेन्जर चढ्छ , ओर्लन्छ । बसमा चढेपछि पैसा तिरेर मात्र बस्ने ब्यबस्था गाडिको एउटा कुनामा पैसा लिने टिकट काट्ने मानिस बस्दो रहेछ । सिटी बस त यस्तो होस् न काठमाण्डौंमा पनि नेपाल यातायातले पहिला पहिला सिटी बसको नक्कल गरेको थियो । तर हाल चोरीले खेलो सिकि सकेको छ । नेपालयातायात मा यात्रुले दुईतिर फर्केर उभिन सम्म पाउदैन । यहाँ त बीसौं वटा स्थानमा प्लाष्टिकका राम्रा साङला भुण्डाएर उभिन पाउने ब्यबस्था गरेको रहेछ । मुनि बाला झोला राखेर बस्न सक्ने ब्यबस्था कति राम्रो । यात्रुको शेवा राम्रो पुर्‍याएर मात्र पैसा लिने गर्दा यात्रु पनि खुशी हुने । हरामको दाम पनि नआउने । काठमाण्डौंमा भने यात्रुले पैसा दिदा फर्काउँन नभ्याउँदै गाडी चलाइन्छ । ठगी खाने प्रबृत्ति ज्यादै नराम्ररी बढेर गएको छ । एम्समा आइपुग्दा चिसो पस्यो अलि अलि मुटु पनि दुख्यो । नेपालका नेता भनौंदाहरुको निरिहता सम्झेर झल्यास्स पनि भए । नेताजीहरु चकरीमा लागेकै कारण छिमेकीहरुले पनि हेपेका होलान् । माधब नेपालजीले पाकिस्तानी राजदुतसंग भलाकुसारी र खुसामद गरेर छोरी नानीलाई डाक्टर पढ्ने पढाउँने चांजो मिलाएछन् । करेसा जोडेर बसेको अतन्य भक्त भनेको मान्ने साखुल्ने मानिस बागबैरीले आफूमा मिलाएकोमा चित्त त दुख्ने नै भयो । यसै क्रममा भारतिय राजदूतले आफूले छोरिलाई पढाइदिने चाँजो मिलाएछन् । छोरी नानीलाई एम्समा डाक्टरी पढाइदिने भए पछि माधब जी मख्ख कून्ता कि बुहारी भटमासको खाजा भने झैं त्यस्तै पनि माधबजी भारतिय नेताहरुबाट पत्याइएको ब्यक्ति लाए अराएको कुरा शीर निहुराएरै काम तमाम गर्ने मानिस ।

महाकाली नदिको प्याकेज डिलबाट बत्ति बिजुली बारे सम्झौंता गर्ने गराउनेमा पहलउदमी गरेकोमा पनि भारत धेरै खुशी थियो । त्यसमा पनि भारतले नेपालको भूमीमा बिना सहमतिमा बाँध बनाएकोमा महाकाली सन्धीले बैद्यता गरि दिएकोमा बढी नै भारतलाई खुशी बनाएको थियो । यसैले माधबजी को छोरी नानी लाई डाब्टर पढाइदिएर सानो गुण गरेको पनि हुन सक्छ । माधबजीले छोरीलाई एम्समा डाक्टरी पढाएको बिरोध या गुनासो भन्दा पनि आफ्ना नेता, कार्यकर्ता र जनताको समर्थनमा नै मात्र माधब माधब बन्न सकेको हो भन्ने कुरा बिर्सेर आफ्ना छोरा छोरीको हितमा मात्र काम गर्ने ब्यक्तिलाई लोभी भन्नै पर्ने हुन्छ । अर्को कुनै नेतामा कार्यकर्ताको छोरो या छोरी पढाइ दिएको भए माधबजीको ब्यक्तित्वमा अरु बढी निरपार आउने थियो । यो सबै कुराको जानकारी त मैले आफ्नो छोरी पनि त्यसै परिक्षाको प्रत्यर्थि थिइन् । अरु धेरै साथिहरुका छोराछोरीहरु पनि प्रतिस्पर्धी थिए । गुनासो भन्दा पनि नेताहरु लोभि र अर्काको मौकामा बाधा पुर्‍याउँने पापी नबनुन् भन्ने आग्रह मात्र हो ।

एम्समा मेरी श्रीमतिजीलाई पनि मुटुको नसा सम्बन्धी जाँच गराउँन भित्र पसिएको थियो । हृद्धय पक्ष बिभाग बन्द भैसकेको रहेछ । सोम,बुध र शुक्रबार मात्र हृद्धय सम्बन्धी रोगको परिक्षण गरिदो रहेछ । एम्सको एरिया देखि बाहिर निस्कन भन्दा अघि सबै कक्षहरु सर्सर्ती अबलोकन गरीयो । मुटु सम्बन्धी अध्ययन परिक्षण भने लाल भवनमा गरिदो रहेछ । अरु तिरका पक्षहरुमा भने हाम्रो बीर अस्पताल र टिचिङ्ग अस्पतालमा झैं जतातत‍ै ओछ्न लगाएर लमतन्न सुतिरहेका बिरामीहरु भेटिए । दलान र लबी हुँदो जतातत‍ै ओछ्यान र फोहोर कायम नै रहेछ । अं यहाँ अस्पतालमा दिशा पिसाप गर्न भने काठमाण्डौंका अस्पतालमा जस्तो दरिद्धि पाराले पैसा माग्ने गरेको पाइएन । एस्कर्टमा पनि रेस्टरुम पसियो । गंगाराममा पसियो गंगाराम त चिसो खाने पानीको उत्तम ब्यबस्था रहेछ । दिल्लीको गर्मि बैसाख १९ गते चिसो पानी खान पाउनु ज्यादैं राम्रो काठमाण्डौंमा जस्तो उपभात्ता ठग्ने पारा कमै रहेछ । मेट्रो भनेको लौह पथ गाभिनी भने झैं नै रहेछ । काठमाण्डौंमा भने ठुलो बस जस्तो इलेक्टोनीक को सहयोगमा गुड्ने रहेछ । ठुलो बस भने हिलो कादो युक्त माटोको बाटोमा पनि हिड्ने गथ्यो । तर यति बेला ठुलो बसको जीउँदो अस्थित्व छैन । चोला बदली सक्यो । यहाँ भर्खरै सुरु भएको मेट्रो पहिला टोकन काट्नु पर्ने रहेछ । टोकन लिएर मेट्रो एरिया भित्र प्रबेश गर्न त्यहि टोकनले गेटमा नठोके सम्म गेट खुल्ने कुरै गर्दैन । त्यही टोकनले तोकिएको ठाउँमा राम्ररी दबाए पछि मात्र भित्र पस्ने अनुमती मिल्दो रहेछ । गंगा राम अस्पताल देखी राजीब गांन्धी अस्पताल पुग्न बाइस रुपैया मात्र लाग्ने भित्र पसियो । त्यहाँ बाट सुरु भएको मेट्रोले करिब पाँच वटा टेसन पार गरेपछि राजीब चोकमा अर्को मेट्रो फेरीयो । राजीब चोकबाट चढेको मेट्रो कश्मिरी गेटमा अर्को मेट्रो फेरीयो । कस्मिर गेटबाट १४ टेसन पछि भने राजीब गान्धी अस्पताल छेउमा रोहीणीको रिठाला टेसनमा उत्रियो । मेट्रो पुरै उपरीगामी सेतुमा हिड्यो । यो मेट्रोमा भने बस्ने ठाउँ नै पाइएन । मानिसहरु खचाखच हुने उभिने मानिस नै खचाखच हुने । माथि पक्ने ठाउँ भने राम्रो ब्यबस्था भएको हुदो रहेछ । मेट्रो चढ्न कैले चौथो तलामा पुग्नु पर्ने, कैले भने भई तलामा पुग्नु पर्ने । उमाजी जो मुटुको बीरामी पनि हुनुहुन्थ्यो । उहाँलाई उकालो ओरालो चढ्दा र झर्दा नै मुटुमा असर पर्ने कारणले समस्या नै पर्‍यो । तर इलेक्ट्रीक भर्‍याङ्ग आफै चलिरहने । आफुले पाइला मात्र समायोजन गरेर ब्यबस्था गर्न सक्नुपर्ने ।

(क्रमश:

## विप्लव...

प्रहरी उपरीक्षक (एसपी) अच्युतम पुडासैनीले बताएका छन् । उनका अनुसार प्रहरीले एसएमजी दुई नाल, त्यसमा लाग्ने म्यागजिन ३ वटा, ६८ राउण्ड गोली चाइनिज पेस्तोल एक थान त्यसमा लाग्ने म्यागजिन २ वटा र एमसिक्सटीन हतियारको १ सय २९ राउण्ड गोली गरी २ सय २ थान गोली बरामद भएको छ । यस्तै, वायरिङ तार ४० मिटर र रिमोट एकथान बरामद गरेको प्रहरीले बताएको छ । प्रहरीले छापा हान्ने क्रममा रोका भाग्न लाग्दा प्रहरीले उनीमाथी गोली समेत प्रहार गरेको सुरक्षा स्रोतले जनाएको छ ।

## खाद्यान्नमा...

सरदर ५२.५३ लाख मेट्रिक टन उत्पादन हुन्छ । गत वर्ष धान उत्पादन ४२ लाख मेट्रिक टनमा खुम्चिन पुगेको थियो । धान नेपालको प्रमुख खाद्यान्न बाली हो । दुई छाक अनिवार्य नत्र तीनै छाक भात खाने आम नेपालीको बानीले चामलको आयात बढेको हो । हाल प्रतिमहिना अर्ब रुपैयाँको चामल आयात भइरहेको छ । धानको खपत ६० लाख मेट्रिक टन छ । तर गहुँ १० लाख मेट्रिक टनमा सीमित छ । गहुँको खपतभन्दा झन्डै पाँच गुना बढी धानको खपत हुनुले नेपालीको खाना खाने बानीमा भाते संस्कृति हावी भएको देखिन्छ । आर्थिक वर्ष २०७२।७३ मा गहुँको उत्पादन १८ लाख ११ हजार ८८९ मेट्रिक टन थियो । पिठो खाने बानीमा परिवर्तन भए पनि खाद्यान्न चाहिँ पूरा अपुग नै हुन्छ ।

मकैको उत्पादन करिब २३ लाख मेट्रिक टन छ । नेपालीको आवश्यकता ३० देखि ३५ लाख मेट्रिक टन हो । स्थानीय जातको मकै उत्पादन करिब करिब हुन छोडेको छ । वर्णशंकर जातका बीउबाट उत्पादित मकै गाई भैंसी र कुखुराको दाना बनाउन खपत हुने गरेको पाइन्छ । आम नेपालीमा मकैको पिठो खाने बानी हराउँदै गएको विभिन्न अध्ययनले देखाएको छ । कुल मकैको उत्पादनमध्ये ९० प्रतिशत मकै दाना बनाउन खपत हुने गर्छ ।

धान, मकै र गहुँ नेपालीका प्रमुख खाद्यान्न बाली हुन् । त्यसको अलावा कोदो, जौ र फापर पनि खाद्यान्न बालीमा पर्छन् । कोदोको उत्पादन बर्षेपिच्छे घटेको छ । आव २०७२।७३ मा कोदोको उत्पादन ३ लाख २३ हजार ९७ मेट्रिक टनमा सीमित भएको थियो । आ.व.०७१।७२ मा ३ लाख ८४ हजार ८८ मेट्रिक टन थियो ।

सरकारले आव २०७५।७६ को बजेटमार्फत आगामी पाँच वर्षमा कृषिको परनिर्भरता हटाउन उत्पादन दोब्बरले वृद्धि गर्ने बताएको छ । सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पकेट, ब्लक, जोन र सुपरजोनमार्फत क्षेत्र पहिचान गरी उत्पादन वृद्धि गर्दै लैजाने नीति लिएको छ । सो कार्यक्रम २०७३ साल साउनदेखि सुरु भई २०८२ साल असारसम्म सञ्चालन हुने भएको छ । १० वर्षे सो कार्यक्रम अवधिभर कुल १ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गरिने भएको छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू गर्दा नेपालको कुल खेतीयोग्य जमिनमध्ये २ करोड ६० लाख जमिन बाँझो छ । सरकारी तथ्यांकअनुसार खेती गर्न योग्य भनिएको जमिन ३० लाख ९१ हजार हेक्टर अर्थात् ६ करोड १८ लाख २० हजार रोपनी हो । तर खेतीयोग्य जमिन कति खण्डीकरण वा घडेरीमा टुक्रिए भन्ने तथ्यांक सरकारसँग छैन ।

पछिल्ला दिनमा खेतीयोग्य जमिन घडेरीमा रुपान्तरण हुँदै गएको छ । सरकारले पाँच प्रतिशतमा कृषि ऋणको ब्याज तोकेको छ । तर कृषि ऋण सर्वसुलभ छैन । कुल कर्जाको १० प्रतिशत कृषि क्षेत्रमा लगानी गर्नुपर्ने नेपाल राष्ट्र बैंकको नीतिलाई वित्तीय संस्थाहरुले लागू गरेका छैनन् । कृषि मजदुर, भूमिहीन र सीमान्तकृत मझौला र कृषि क्षेत्रमा संलग्न किसानको हातमा आफ्नो जमिन छैन । बर्सेनि नेपालीका भान्सामा पाक्ने चामल, पिठो, माछा, मासु, तरकारी र फलफूल गरी १९ अर्बको खाद्यान्न आयात हुने गरेको छ ।

## लाइसेन्स...

सन् २००८ देखि जीएमआरले आयोजना कब्जा गरेर कामै नगरी बसेको छ । जीएमआर पटक पटक म्याद थप गरेर काम गर्नुभन्दा लाइसेन्स बिक्री गरेर अर्बौं कमाउने दाउमा छ । उसको लाइसेन्स खारेज गरी यो आयोजना नेपालले आफैं निर्माण गर्न अन्तर्क्रियाका सहभागीले सुझाव दिएका छन् ।

अपर कर्णाली आयोजना ४१८० मेघावाट क्षमताको भए तापनि क्षमता घटाएर ९०० मेघावाट बनाई जीएमआरलाई दिइएको छ । उक्त आयोजना नेपाली जनता, सरकार र वित्तीय संस्थाहरुको लगानीमा आफैं बनाउने क्षमता हुँदाहुँदै पनि भारतीय कम्पनीलाई दिइएकोमा यसको देशभक्त नेपालीहरुबाट विरोध हुँदै आएको छ । भारतको नेपाली जलस्रोत कब्जा गर्ने षड्यन्त्रमा सरकार सम्मिलित भएको भन्दै कमिसनखोर र जलस्रोत माफियाको कमिसनको चास्नीमा प्रमुख दल भनिने पार्टीका नेता, सरकारका मन्त्रीहरु डुब्ने गरेकाले पटक पटक नदीनालामा राष्ट्रघात हुने गरेको वक्ताहरुले बताएका छन् । पुल्चोक इन्जिनियरिङ कलेजका प्राध्यापक हरि पण्डितले प्रोजेक्टरमा आयोजनाको विस्तृत प्राविधिक पक्ष प्रस्तुत गरेका थिए । अपर कर्णाली बुढीगण्डकीभन्दा आकर्षक भएको र आयोजनाको निर्माणमा मानव बस्ती र कृषियोग्य भूमिको समेत बुढीगण्डकीमा जस्तो विनाश नहुने भएकाले अपर कर्णाली नेपाल सरकार आफैंले अघि बढाउन आवश्यक रहेको बताए । उनले अपर कर्णालीको क्षमता ६२०० सम्म पुग्ने दृष्टान्त प्रस्तुत गर्दै जीएमआर जस्तो वित्तीय संकटमा परेको कम्पनीले कुनै हालतमा निर्माण अघि नबढाउने भएकाले अब लाइसेन्स रिन्यु नगर्न आग्रह गरेका छन् ।

जलस्रोतसम्बन्धी अध्येता रतन भण्डारीले जीएमआरको अन्तर्राष्ट्रिय छवि राम्रो नभएका कारण उसले विभिन्न मुलुकमा अलपत्र पारेका आयोजनाहरुको उदाहरण प्रस्तुत गरेका थिए । बीचमा दलाली गरेर सित्तैमा नाफा खान पल्केको जीएमआरले माल्दिभ्स सरकारलाई समेत नराम्रोसँग फसाएर क्षतिपूर्ति लिएको भण्डारीले बताए । उनले नेपालका नामुद लाइसेन्स ब्रोकर ब्रिन्दवनमान प्रधानाङ्गको हिमताल कम्पनीले माथिल्लो मर्स्याङ्दी आयोजनाको लाइसेन्स हङकङको कम्पनीलाई बिक्री गरेको उदाहरण समेत दिएका थिए । उनले जीएमआर पनि अपर कर्णालीको लाइसेन्स बिक्री गरी अर्बौं कुम्ल्याउने दाउमा रहेको बताए । सरकारले माथिल्लो कर्णालीमा चौथो पटक पनि म्याद थप गरेमा त्यहाँभन्दा ठूलो राष्ट्रघात अरु हुन नसक्ने भण्डारीको ठहर रहेको छ ।

कार्यक्रममा माथिल्लो कर्णाली बचाउ राष्ट्रिय अभियानका भरत शाहीले आधारपत्र प्रस्तुत गरेका थिए । नेकपा मालेका स्थायी समिति सदस्य कुमार वेलवासेले स्वागत मन्तव्य प्रस्तुत गरेको कार्यक्रम जनसमाजवादी नेपालका अध्यक्ष सुवासराज काफ्लेको सभापतित्वमा सम्पन्न भएको थियो ।

## भारत फोहोर...

वातावरण सुरक्षा एजेन्सीले निर्धारण गरेको स्वच्छ हावाभन्दा ३ गुणा अस्वच्छ थियो । त्यसको केही समयपछि फेरी त्यहाँको हावको स्वच्छता नापिएको थियो । अध्ययनकर्ताले गुरुरामको हावा निकै हानिकारक बन्दै गएको पत्ता लगायो । त्यहाँका मानिसले घातक स्वास्थ्य चुनौतीको सामना गर्नुपर्ने चेतावनी दिइएको छ । अस्वच्छ हावाका कारण आगामी वर्ष ७० लाखको असामयिक निधन हुने अनुसन्धानले चेतावनी दिएको छ । भारतका मात्र नभएर विश्वका प्रदुषित शहरहरु अझ प्रदुषित बन्दै गइरहेका छन् । ग्रिनपिस साउथइस्ट एसियाका कार्यकारी निर्देशक यब सानोले भने,'हावाको प्रदुषणले मानिसको ज्यान लिन्छ । भविष्यसमेत अन्धकार बनाइदिन्छ ।'

भारत, पाकिस्तान, बंगलादेश तथा चीनका सहरहरु विश्वका अत्याधिक प्रदुषित शहरहरुको सूचीमा परेका छन् । अनुसन्धानले प्रदुषणको समस्यालाई नियन्त्रण गर्नुपर्ने सुझाव दिएको छ । विश्व यस समस्या हल गर्न एक हुनुपर्ने सुझाव दिइएको छ ।

## मालेले...

आजसम्मका राजनीतिक परिघटनाको चित्रण गर्नु हुँदै सहिदहरुको सपना अझै पूरा भइनसकेको कुरामा जोड दिनुभयो । अमर सहिद रामनाथ दाहाल, कृष्ण कुइँकेल, नेत्र घिमिरे, विरेन राजवंशी र नारायण श्रेष्ठको तस्बिरमा माल्यार्पण गरी सुरु भएको कार्यक्रममा अध्यक्ष निलम केसीले आफ्ना राजनीतिक गुरु नेत्र घिमिरे र स्कुलमा पढ्दै गरेका सहपाठी कृष्ण कुइँकेल र नारायण श्रेष्ठको सम्झना गर्नुभएको थियो । गणतन्त्र नेपालले आज पनि सहिदहरुको सपना पूरा गर्न नसकेको बारेमा उहाँले बताउनुभएको थियो ।

## जनताको...

जतातत‍ै गाँजेको छ । प्रत्यक्ष रुपमा सर्वसाधरणसँग नजिक भएर सेवा दिने पहिलो निकाय प्रशासन नै हो । कुनै झन्झडबाट मुक्त बनाइ सहज रुपमा सेवाग्राहीलाई सेवा दिनु मेरो कर्तव्य हो भन्ने मानसिकताको विकास जबसम्म सेवाग्राहीमा हुँदैन तबसम्म यो प्रवृत्ति कायमै रहनेछ ।

अपबादको रुपमा केही कर्यालयहरुले सहज रुपमा सेवा प्रवाह गरे तापनि अधिकांस सरकारी कार्यालयहरुले छिटो र छरितो रुपमा जनताको काम गरेको पाइँदैन । समान्य एउटा सिफारिस लिनको लागि पनि घन्टौ कुर्नुपर्ने बाध्यता अझै छ । अब त देशमा स्थिर सरकार छ । सरकारी कार्यालयमा उपलब्ध सेवा तथा सुविधाहरु सहज रुपमा पाइन्छ भन्ने आशा आम जनतामा रहेको हुन्छ । सामान्यतया कार्यालय समय १० बजे भनिन्छ तर सोही अनुसार तयार भएर जाँदा ११ बजेसम्म पनि आवश्यक कर्मचारीलाई कार्यालयमा भेटिदैन । यस्तो अवस्थामा कसरी समयमै सेवा पाइन्छ ? त्यसैले सरकारी कार्यालयले दिने सेवा सुविधाहरु सेवाग्राहीमैत्री बनाउन आवश्यक छ ।

**(गोविन्द विकबाट)**